म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८८ शुक्रबार २३ कात्तिक २०८१ ते. सं. ११४५ कछलाथ्व 8 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

घरमा अचेट भेटिएका मनहरीका प्रकाशको मृत्यु

हेटौंडा, २२ कात्तिक/मकवानपुरको पश्चमीक्षेत्रस्थित मनहरी गाउँपालिका-३, लामिटारस्थित आफ्नै घरमा अचेत अवस्थामा फेला परेका एक पुरुषको मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार ४२ वर्षीय प्रकाश राई घरमै अचेत अवस्थामा फेला परेको र उनको उपचारका क्रममा हेटौंडा अस्पतालका चिकित्सकले मृत घोषणा गरेको हो । उनकी श्रीमतीले अचेत अवस्थामा देखेर उनलाई तुरुन्त उपचारका लागि हेटौंडा अस्पतालमा पुऱ्याएकी थिइन् । हेटौंडा अस्पतालका चिकित्सकले बुधबार साँझ मृत घोषणा गरेका छन् । प्रकाशको मृत्युको कारण अहिलेसम्म खुल्न सकेको छैन । शव हाल हेटौंडा अस्पतालको शवगृहमा राखिएको छ । घटनास्थल इलाका प्रहरी कार्यालय नेवारपानीबाट करिब ४ किलोमिटर पश्चिमतर्फ पर्छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

हिमाल, पहाड, तराइ जोड्दै छठ पर्व

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/हिन्दु महिलाको पवित्रपर्व छठ अस्ताउँदो सूर्यलाई अर्घ दिँदै मनाइएको छ । छठ पर्वको मुख्य दिन अर्थात आज बिहीबार साँझ अस्ताउँदो सूर्यलाई पूजा-आराधना गरी अर्घ दिइएको छ ।

कात्तिक शुक्लचतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको यो पर्व मनाइएको हो । बागमती प्रदेश राजधानी हेटौंडाको राप्तीतटीयक्षेत्रमा व्रतालु तथा श्रद्धालु भक्तजनले अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठी माताको पूजा गरी छठपर्व मनाइन्छ । हेटौंडाको राप्ती तटीयक्षेत्रमा मकवानपुरबासी व्रतालु तथा श्रद्धालुहरुको बाक्लो उपस्थिति रहेको थियो ।

मकवानपुरका राजनीतिक दलका प्रतिनिधि, सरकारका उच्च पदस्थ अधिकारीहरु, जनप्रतिनिधिहरु छठपर्वको अवसरमा राप्तीतट पुगेका थिए । राप्तीपुलको उत्तरतर्फ खोलाकिनारमा पण्डाल टाँगेर खोलाकिनारसम्म पूजाका लागि भक्तजन र दर्शनार्थीको भीड लागेको थियो ।

छठ पूजा समारोह समितिका संयोजक रवि गुप्ताका अनुसार हेटौंडाको बुद्धचोकदेखि र राप्तीतटसम्म सडकको दायाँबायाँ बत्ती बालेर झिलिमिली बनाइएको छ । बिहीबार अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व मनाउनका लागि ६ सय २० फिट लामो पन्डाल टाँगिएको थियो । राप्तीतटमा टाँगिएको पन्डालमा हजारौं व्रतालुले पूजाआजामा सहभागी भएका थिए ।

व्रतालुहरु बिहीबार रातभर त्यही पन्डालमुनि जाग्राम बसेर पूजा गर्नेछन् । छठ पर्वमा व्रतालु र अवलोकन गर्न जानेहरुको संख्या हजारौंको थियो । राजमार्गमा सवारी सुचारु गर्न ट्राफिक प्रहरीलाई निकै समस्या भएको थियो । गत वर्ष ६० हजारभन्दा बढीको सहभागिता रहेको आयोजकको दाबी छ । तराई/मधेश, पहाड र हिमाल जोड्ने छठ पर्व अहिले सेतुको रुपमा रहेको छ । कतिपय छठको रौनक अवलोकन गर्नका लागि मात्रै भएपनि राप्तीतटमा उपस्थित भएका देखिन्थे ।

हेटौंडामा बर्सेनि छठपर्व मनाउनेको संख्या बढ्दै गएको छ । यहाँ बसोबास गर्ने मधेशका हुन् वा पहाडीया समुदायका अधिकांश छठपर्वको दिन राप्तीतट पुग्ने गर्छन् । सूर्यदेवको आराधना र उपासना गर्ने क्यौं व्रतालुहरु पहाडीया छन् । छठपर्व विशेषगरी तराईबासीले मनाउने गरे पनि पछिल्लो समय हेटौंडामा तराई तथा पहाडीया दुवै समुदायले भक्तिभावले मनाउने गरेको पाइएको छ ।

नियम निष्ठाका साथ मनाइने गरिएको यस पर्वको पहिलो दिन हिजो आइतबार व्रतालु महिला आत्मशुद्धि गरेका थिए । लसुन र प्याज समेत नखाने, अस्वाअरुवाइन अर्थात् शुद्ध भोजन गरेका थिए । यसलाई 'नहायखाय' भनिने गरिएको छ । दोस्रो दिन सोमबार दिनभर उपवास बसेर बेलुकीको समयमा नयाँ माटोको चुलोमा पूजाका लागि खीर पकाउने र सोही खीर घरको देवीदेउतालाई अर्पण गरेपछि परिवारका सदस्यबीच प्रसादका रुपमा वितरण गरी व्रतालुले आफू पनि प्रसादकै रुपमा ग्रहण गरेर व्रतलाई निरन्तरता दिने गरिन्छ ।

पर्वको तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ दिएर र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ अर्पण गरेपछि चार दिनको यो पर्व विधिवत्रुपमा सम्पन्न हुनेगर्छ । यस पर्वको मुख्य विशेषतामा शक्तिरुपी माता छठ र संसारलाई प्रकाशमान पार्ने सूर्यदेवको संयुक्त रुपमा पूजा गरेर पर्व मनाउने गरिन्छ ।

छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइने जनविश्वास रहेको संयुक्त मधेशी सेवा समाजका सचिव नन्दलाल दासले बताएका छन् । यो पर्वको व्रत बसेमा मुख्यत: सन्तान प्राप्ति, रोग निदान र पारिवारिक कल्याण हुने विश्वास छ ।

परिवारका सबै गुमाएकी जानकीको सहारा बन्यो आश्रम

अशोक बजगाईं

हेटौंडा, २२ कात्तिक/हेटौंडाको मानवसेवा आश्रम, जहाँ सडकपेटी एवम् सार्वजनिकस्थलमा कष्टपूर्ण जीवन बिताउन विवस सहयोगापेक्षीहरु उद्दारपछि आश्रय लिइरहेका छन् ।

विभिन्न पृष्ठभूमिबाट सडकमा पुग्न बाध्य बनेकाहरु जो सरकारी जागिरे, रोजगारीको शिलशिलामा बिदेशिएकादेखि ब्रिटिश आर्मीसम्म छन् । जसमध्यकी एक हुन् जानकी गजुरेल महर्जन । जसको यात्रा विदेश, सडक, अनि मानवसेवा आश्रमसम्म रहयो । जीवनका कठिन परिस्थितिलाई पार गर्दै अघि बढ्न सकिन्छ भन्ने कुरा प्रमाणित गर्ने एक प्रेरणादायी पात्र हुन् जानकी गजुरेल महर्जन ।

आफ्ना श्रीमान र छोरीको आकस्मिक मृत्युले जानकीलाई गहिरो डिप्रेशनमा पुऱ्यायो, त्यो समय उनको जीवनमा एक अन्धकार युग नै थियो । तर, मानवसेवा आश्रमले उनलाई त्यो अन्धकारबाट बाहिर निकाल्यो । मानवसेवा आश्रमले जानकीलाई सम्हाल्दै सहयोग र आश्रय दियो । आश्रमको हृदयस्पर्शी समर्थन र मद्दतले आफूलाई आफ्नो मानसिक स्वास्थ्यमा सुधार ल्याउन सफल भएको उनले सुनाइन् ।

फलस्वरुप आज जानकीको जीवनमा नयाँ आशा जागेको छ । उनले मानवसेवा आश्रमको लागि धुप बनाउँदै आएकी छन् । त्यही धुपको सुगन्ध आश्रमको गेटबाट भित्र पस्नासाथ फैलिन्छ, जसले आगन्तुक र आश्रममा आश्रितलाई शान्ति र आनन्दित महसुस गराइरहेको छ । जानकीका लागि धुप बनाउनु एउटा काम मात्र नभई आफ्नो जीवनको नयाँ उद्देश्यको खोजी हो । उनी आश्रममा आश्रय लिने अन्यलाई सहायता पनि गर्छिन, जसबाट मानवसेवा आश्रमको प्रयासलाई साकार पार्न केही हदसम्म भएपनि मद्दत पुगिरहेको छ ।

बालाजु घर भएकी जानकी ईजरायलमा ६ वर्ष काम गरेर २०६६ सालमा स्वदेश फर्किएकी थिइन् । स्वदेश फर्किएको २/३ बर्षमा नै आफ्नी २० वर्षकी छोरी गुमाएको उनले बताइन् । यो घटनाले उनलाई डिप्रेशनमा पुऱ्याएको उनले सुनाइन् । त्यसको ५ वर्षपछि जानकीले क्यान्सर रोगबाट ग्रसित श्रीमान पनि गुमाएको बताइन् । श्रीमानको मत्युपछि आफ्नो जीवन सडकमा पुगेको कारुणीक दिन सम्झिइन् ।

अँध्यारो छाएको जानकीको जीवनमा दिनको उज्यालो छाउने माध्यम बन्यो, हेटौंडा मुख्य कार्यालय रहेको मानवसेवा आश्रम । जसले जानकी जस्तै थुप्रै वेसहारालाई सहारा दिइरहेको छ । मुख्य कार्यालय हेटौंडा रहेको यस आश्रममा मात्र २०७ जना आश्रित छन, जसमा २४ जना बालबालिका छन् ।

आश्रमले हालसम्म १० हजार भन्दा बढीको उद्दार गरि सकेको छ । ३ हजार भन्दा बढीको पारिवारिक पुनरमिलन गराईसकिएको मानवसेवा आश्रम मुख्यकार्यालय हेटौंडाकी संयोजक ईशा थापाले जानकारी दिइन् । जानकी जस्ता हजारौं व्यक्तिलाई उद्दार गरेर मानवसेवा आश्रमले मानवताको एउटा उदाहरण प्रस्तुत गरिरहेको छ ।

मानवसेवा आश्रमले २०८२ सालभित्र नेपाललाई सडक मानवमुक्त बनाउने लक्ष्य लिएको छ । २०६९ भाद्र १३ गतेदेखि यो अभियान सुरु गरेको आश्रमले अहिले १७ सय भन्दा बढीलाई आश्रय प्रदान गरिरहेको छ । देशभर १९ जिल्लामा फैलिएको आश्रमको हाल २४ वटा सेवाकेन्द्र छन् । यस आश्रमको प्रयासले परिवर्तनको नयाँ युगको द्वार खोल्ने विश्वास गर्न सकिन्छ ।

चैनपुर जेसीज मनहरी कप फुटबल आजबाट

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ मावियो गोलघर खेलमैदानमा आज शुक्रबारबाट दोस्रो चैनपुर जेसीज मनहरी कप खुला फुटबल प्रतियोगिता सञ्चालन हुँदैछ ।

युवाको नेतृत्व र व्यक्तित्व विकासमा क्रियाशील चैनपुर जेसीज मनहरीको आयोजनामा हुन लागेको प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जानकारी दिएको छ । मनहरी गाउँपालिका-४ वडा कार्यालय र मनहरी गाउँपालिकाको प्रायोजनमा हुन लागेको प्रतियोगितामा जिल्लाका १६ क्लवले सहभागिता जनाएका छन् । आयोजकले प्रकाशित गरेको खेलतालिकाअनुसार प्रतियोगिताको उद्घाटनमा मनहरी-४ नम्बर वडा र नमोबुद्ध युवा क्लव भिड्ने भएका छन् ।

प्रतियोगिताको उद्घाटन बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले गर्ने तय भएको चैनपुर जेसीज मनहरीका अध्यक्ष रबिन ढकालले जानकारी दिए । मंसिर ३ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले एकलाख एकहजार १११ रुपैयाँ र उपविजेताले ५१ हजार १५१ रुपैयाँ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै सर्वोत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ तथा अन्य विद्यागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस जेसीले स्थापनाकाल अर्थात् अघिल्लो वर्षबाट जेसीज कप खुला फुटबल प्रतियोगिताको सुरुवात गरेको हो । फुटबल खेलको विकास एवम् युवाहरुको बीचमा भ्रातृत्वको सम्बन्ध स्थापनाका लागि प्रतियोगितालाई निरन्तरता दिँदै गएको अध्यक्ष ढकालले बताए । प्रतियोगिताका लागि करिब साढे ५ लाख रुपैयाँ खर्च हुने अनुमान गरि एको जेसीजका महासचिव श्रीकृष्ण ढकालले बताए ।

प्रतियोगिताको संयोजक कार्यकारिणी उपाध्यक्ष महेश खुलाल रहेका छन् भने सहसंयोजकमा उपाध्यक्ष उज्वल विष्ट र खेलकुद संयोजक प्रदीप थापा रहेका छन् । अघिल्लो वर्ष भएको पहिलो संस्करणको उपाधि बागमती प्रदेश प्रहरी गण हेटौंडाले जितेको थियो । पहिलो संस्करणको पुरस्कार राशी भन्दा अहिले दोब्बर बनाइएको छ । अघिल्लो संस्करण विजेतालले ५० हजार ५५५ रुपैयाँ र उपविजेताले २५ हजार ५२५ रुपैयाँ प्राप्त गरेका थिए ।

सार्वजनिक शौचालय नजिकै झाडीमा नवजातशिशु फेला

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/थाहा नगरपालिका-४ शिखर कोटस्थित सार्वजनिक शौचालय नजिकै झाडीमा नवजातशिशु भेटिएको छ । मंगलबार साँझ झाडीमा बच्चा रोएको आवाज सुनेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

इलाका प्रहरी कार्यालय पालुङको टोली घटनास्थल पुग्यो । कार्यालयका प्रमुख प्रहरीनिरीक्षक सबिनबाबु अर्यालको कमान्डमा पुगेको प्रहरीटोलीले घटनाबारे जानकारी लिए । झाडीमा भेटिएको शिशु (बालक) को उद्दार गरिएको छ । झाडीमा शिशु फेलापरेपछि कहाँबाट, कसले छाड्यो ? भनेर खोजतलास गर्दै जाँदा स्थानीयले दिएको जानकारीका आधारमा शिशुकी आमा २८ वर्षकी मेनुका धितालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीका अनुसार झापाको अर्जुनधारा नगरपालिका-६ घरभई हाल काठमाडौंमा बसोबास गर्ने मेनुकाले आफ्नो १० दिनको शिशु झाडीमा फालेको स्वीकार गरिन् । सानै उमेरमा विवाह गरेकी उनको श्रीमान्को ४ वर्षअघि गाडी दुर्घटनामा मृत्यु भएको थियो । दुई सन्तानकी आमा मेनुकाले तेस्रो सन्तानका रुपमा यो शिशु जन्मएकी थिइन् । मेनुकाले प्रहरीलाई दिएको बयानअनुसार उनको केही वर्षअघि फेसबुकमार्फत् पुरुषसँग माया बस्यो । तिनै पुरुषसँगको शारीरिक सम्पर्कबाट मेनुकाको पेटमा गर्भ रहन पुग्यो । तर, यो थाहा पाउनासाथ फेसबुकमा मेनुकालाई ब्लक गर्दै ती पुरुष बेपत्ता भए । '१० दिनअघि थापाथली अस्पतालमा शिशुको जन्म भएको रहेछ', प्रहरीनिरीक्षक अर्यालले भने ।

'सुत्केरी भएपछि उहाँ पालुङमा रहेको आफ्नी दिदीको घर आउनुभएको रे । पहिलाको श्रीमान् नभएको मान्छेले बच्चा जन्मायो भनेर घरबाट हेला गरेपछि दिदीको घर आउनुभएको भन्ने बुझियो । दिदीबहिनीकै सल्लाहमा शिशुलाई झाडीमा फालेको उहाँ आफैंले स्वीकार गर्नुभएको छ ।'

अहिले शिशुलाई मेनुकाको जिम्मा लगाइएको र शिशुको अवस्था पनि सामान्य रहेको इलाका प्रहरी कार्यालय पालुङका प्रमुख प्रहरी निरीक्षक अर्यालले जानकारी दिए । मेनुकाले दिएको बयानका आधारमा ती युवकको खोजी सुरु गरिएको प्रहरीले जनाएको छ ।

मकवानपुरगढीमा भीरबाट लडेर एकजना गम्भीर

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/मकवानपुरगढी गाउँपालिका-५, लखनटोलमा ४२ वर्षीय हर्कबहादुर दोड भीरबाट लडेर गम्भीर घाइते भएका छन् ।

घरबाट गाउँतर्फ जाने क्रममा करिब २०० मिटर पूर्वतर्फ पर्ने गोरेटो बाटोको भीरबाट लडेर घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीका अनुसार हर्कबहादुरको टाउको, ढाड, अनुहार, दुबै खुट्टा र छातीमा भित्री चोट लागेको र अवस्था गम्भीर रहेको चिकित्सकले जानकारी दिएका छन् । हाल उपचारमा उनका छोरा सोनामसिंह दोड संलग्न रहेका छन् ।

भीमफेदीमा करेन्ट लागेर एक सैनिकको मृत्यु, दुईजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/मकवानपुरको भीमफेदी गाँउपालिका-८ दोभानस्थित सडक निर्माण कार्यदल सिल्टेरी वेस क्याम्पमा कार्यरत् एकजना नेपाली सैनिकको करेन्ट लागेर मृत्यु भएको छ । घटनामा दुईजना घाइते भएका छन् ।

करेन्ट लागेर डडेलधुरा गन्याधुरा गाउँपालिका-१ घर भएका लेसनायक २९ वर्षीय पदमबहादुर दियालको घटनास्थलमै मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । बिहीबार वेस क्याम्पसमा संचारउपकरणको पाइप गाड्ने क्रममा हाईटेन्सन लाइनको तारमा पाईपले छुँदा दियालालाई करेन्ट लागेको प्रहरी नायबउपरीक्षक श्याम् अर्यालले जानकारी दिए । दियालको शव पोष्टपार्टमको लागि शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौंमा पठाइएको छ ।

वेस क्याम्पसमै कार्यरत् डडेलधुरा अमरगढी नगरपालिका-२ घर भएका लेसनायक २९ वर्षीय विनोद केसी, पाल्पाको रामपुर नगर पालिका-६ घर भएका सिपाही २१ वर्षीय युवराज कुमाल घाइते भएका थिए । उनीहरुलाई उपचारका लागि हेलिकप्टर मार्फत् आर्मी अस्पताल छाउनी पठाइएको डिएसपी अर्यालले बताए । उनका अनुसार केसी र कुमालको स्वास्थ्य अवस्था मध्यम रहेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यॉस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्यॉस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

रक्तदान-जीवनदान, महादान अभियानमा लागौं

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्व-इच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने विकल्प रक्तदान नै हो । नेपालमा २००० सालदेखि रक्तदान कार्यको सुरुवात भएको इतिहास छ । समाजेवी दयावीरसिंह कंसाकार नेपालका पहिलो रक्तदाता हुन् । नेपालमा बर्सेनि करिब तीनलाख युनिट रगत चाहिन्छ तर, जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । बाढी, पहिरो र भूकम्पको समस्या तथा अनिच्छित गर्भधारण, गर्भपतन र सिजेरियन अप्रेसन पनि पहिलेको तुलनामा बढेकाले रगतको माग आकाशिएको पाइन्छ ।

विज्ञानले धेरै प्रगति गरेता पनि कृत्रिम तरिकाले रगत बनाउने सूत्र फेला पारेका छैनन् । ब्लड बैंकहरुले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरुले पनि रक्तदान नगर्ने प्रवृतिले गर्दा देशमा रगतको चरम संकट परेको छ । रगतले शरीरभित्र पोषण, लवण, हर्मोन, भिटामिन, अक्सिजन, रोगसँग लड्ने एन्टिबडीसँगै कार्वनडाइअक्साइड, युरियाजस्ता विकार ओसार-पोसार गर्छ । रगतको रातो रक्तकणले अक्सिजन तथा कार्वनडाइअक्साइड यताउति गर्न, श्वेत रक्तकणले रोगसँग लड्न र प्लेटलेट्सले रगत जमाउने काम गर्छ ।

'रक्तदान जीवनदान, रक्तदान महादान' यी स्लोगन हामीले बारम्बार सुन्ने गरेका छौं । रक्तदानका लागि प्रेरित गर्न यी वाक्यांशले धेरै भूमिका पनि खेलेका होलान् । तर, रक्तदान गर्नु अघि केही कुरामा ध्यान पुऱ्याउनुपर्छ । स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तिमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेय तथा एचआईभी एड्स नलागेका व्यक्ति रक्तदान गर्न सक्षम हुन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन ।

अधिक रक्तश्रावका बिरामी, प्रसुति, मुटु-मस्तिष्कलगायतको शल्यक्रिया र दुर्घटनामा परेकालाई बचाउन रगत अनिवार्य हुन्छ । थालासेमिया, ल्यूकेमियालगायतको रक्त क्यान्सर, हेमोफिलिया लगायतको रक्त क्यान्सर, हेमोफिलिया र रक्त अल्पताजस्ता समस्यामा तारन्तार रगत चाहिरहन्छ । यस्तोमा हामो एक सहयोगले यस्ता कयौं मानिसको अमूल्य जीवन बच्छ । कतिपयले रक्तदान गर्दा कमजोर भइन्छ भन्ने ठान्छन् तर, वास्तविकता के हो भने पुरुषको शरीरलाई प्रतिकेजी ७६ एमएल र महिलाको शीररमा प्रतिकेजी ६६ एमएल र गत हुन्छ । तर, शरीर सञ्चालनका लागि चाहिने आवश्यक रगत ५० एमएल मात्रै हो । त्यसकारण पुरुष र महिलाको शरीरमा प्रतिकेजी क्रमश २६ र १६ एमएलका दरले रगत बढी हुन्छ । यही बढी भएको रगतमात्रै दान गर्ने हो । शरीरमा बढी भएको रगत दान गर्दा आफूलाई हानि नगर्ने र अर्कोको ज्यान बचाउन सकिने हुँदा यो अभियानमा सबैजना लाग्नु पर्दछ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३२८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बजबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक २४ गते शनिवार ९ नोभेम्बर २०२४ । अष्टमी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२१, सूर्यास्त ५:१३ । गोपाष्टमी । विश्व स्वतन्त्रता दिवस ।

आजको राशिफल

मेष	: शुभ नतिजा आउनेछ	तुला	: घरेलु समस्याले सताउनेछ
वृष	: दिन रमाइलो हुनेछ	वृश्चिक	: आफन्तले धोका दिन सक्नेछन्
मिथुन	: मन खिन्न हुनेछ	धनु	: मनमा उमङ्ग बढ्नेछ
कर्कट	: शरीरमा स्फुर्ती बढ्नेछ	मकर	: रमाइलो छोटो यात्रा हुनेछ
सिंह	: घरायसी मेलमिलाप हुनेछ	कुम्भ	: काम गर्ने आत्मबल बढ्नेछ
कन्या	: पढाइलेखाइमा सफलता मिल्नेछ	मीन	: अरुको विश्वास जित्न सकिनेछ

ट्रम्पले जित्दा हामी किन फुर्किने ?

✍सञ्जीव पोखरेल

म आजभोलि बेलायती प्राध्यापक ब्रायन कक्सका इन्टरनेटमा पाइने छोटा भिडियोहरू हेर्छु । भौतिकशास्त्र र खगोलशास्त्रको भुल्लोभाड ज्ञान नभएको मलाई ब्रायनले सजिलो पारामा हाम्रो ब्रह्ममाण्ड कति विशाल छ र यसबारे हाम्रो ज्ञान कति सीमित छ भन्ने कुरा बुझाउँछन् । उनका भिडियो हेरेर केही कुरा सिक्छु र धेरै कुरामा छक्क पर्छु ।

कक्सका भिडियोहरूमा मलाई घत पर्ने कुरा हो हाम्रो अस्तित्वको सीमितता । अनन्त (!) ब्रह्ममाण्ड र अनगिन्ती पिण्डका बीचमा एउटा सानो पिण्डमा झुण्डिएर हामी आफू र आफ्नो संसार अनि आफ्नो जीवनकालमा घट्ने घटनाहरूलाई अलि बढी महत्त्व दिइरहेका पो छौं कि ? कक्सले आजभोलि यसरी सोच्न बाध्य पार्छन् मलाई ।

अब कक्सबाट डोनाल्ड ट्रम्पको अमेरिकातिर लागौं । अमेरिकाका उदारवादी र आफूलाई न्याय र लोकतन्त्रका हिमायती ठान्ने राजनीतिकर्मी र अभियन्ताले डोनाल्ड ट्रम्पलाई दिनुसम्म दुःख दिए । उनलाई जेल हाल्न सकेसम्म प्रयत्न भयो । डेमोक्रेटिक पार्टीका नेताहरूले त उनलाई समर्थन गर्ने मानिसहरूलाई रोगी र अज्ञानी समेत भने । राष्ट्रपतिको निर्वाचनमा उनको विजयलाई 'कमनसेन्स'को पराजयका रूपमा व्याख्या, बयान गर्नेहरू प्रशस्त छन् ।

तर, ट्रम्पले जितिछाडे । स्वतन्त्र र निष्पक्ष निर्वाचनमा उल्लेख्य बहुमत सहित उनी विजयी भए । ट्रम्पको विजयमा आश्चर्य मान्ने धेरै मानिसमध्ये एक म पनि हुँ । आश्चर्य यस अर्थमा होइन कि उनको विजय अप्रत्यासित थियो । आश्चर्य यस अर्थमा कि डोनाल्ड ट्रम्प जस्तो खुल्लमखुला रङ्गभेदी, विभिन्न गैरकानुनी काण्डहरूमा संलग्न र झुट बोल्न कति पनि संकोच नमान्ने मानिसले अमेरिकाको राष्ट्रपतिको निर्वाचन कसरी जिते ?

एउटा मानिस जसले कोभिड-१९ को सङ्क्रमण निको पार्न घर सफा गर्ने 'ब्लिच'को प्रयोग गर्न सल्लाह दिन्छ आफ्नै छोरीको शरीरका बारेमा भद्दा यौनिक टिप्पणी गर्छ्ह र निर्वाचनको परिणाम स्वीकार नगरी आफ्ना समर्थकलाई हिंसामा उत्रिन आह्वान गर्छ त्यस्तो मानिसलाई अमेरिकी जनताले देश चलाउने जिम्मामा कसरी पत्याएका होलान् ! ?

निर्वाचित राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्पको सम्मान हुनुपर्छ । उनले पाएको मतको पनि सम्मान हुनुपर्छ । तर, सँगसँगै अमेरिकी निर्वाचन परिणामको अर्थ बुझ्न पनि प्रयास हुनुपर्छ । सन्दर्भ अमेरिकाको भए पनि यस परिणामको केही न केही प्रभाव नेपाल लगायत विश्वभर पर्नेछ । अमूर्त र सैद्धान्तिक मात्र नभएर यो परिणामले हाम्रो दैनिक जीवनमा अबका दिनमा ठोस असर पार्न सक्ने सम्भावना पनि छ ।

डोनाल्ड ट्रम्पको पपुलिस्ट राजनीतिक आन्दोलन किन अमेरिकामा प्रभावशाली छ भन्ने विषयमा लेखिएका विभिन्न पुस्तक वा लेख-र चनामध्ये मलाई घत परेको पुस्तक माइकल सान्डेलको 'टिरेनी अफ मेरिट' हो । यस पुस्तकमा सान्डेलको मोटामोटी तर्क यस्तो छः

विगत ७-८ दशकयता आधुनिकता र समृद्धि हासिल गर्ने नाममा सीमित र चुनिएका मानिसले मात्र अवसर, सम्पन्नता र सम्मान पाएका छन् । एउटा ठूलो जनसंख्या, जसको औपचारिक अध्ययन वा डिग्री उल्लेख्य छैन पेशा सामान्य छ र आम्दानी औसत छ, त्यो समाजबाट अपहेलना सहन बाध्य छ । टाठाबाठा कहलिएकाले औसत मानिसको पेशा र उसको योगदानको सम्मान गरिरहेका छैनन् । संकटका बेला सामान्य मानिसले रोजेका पेशा र व्यवसायलाई यथेष्ट सुरक्षा दिइएको छैन ।

लोकतन्त्र र उदारवादलाई आदर्श बनाएको डेमोक्रेटिक पार्टीका यसअघि निर्वाचित राष्ट्रपति क्लिन्टन, ओबामा र बाइडेनले यस्तो प्रशासनलाई बढावा दिए जसले सामान्य मानिसका असन्तुष्टि र अपेक्षालाई बेवास्ता गऱ्यो र ठूला व्यापारी, पढेलेखेका र धनाढ्यहरूको स्वार्थ र उनीहरूका रणनीतिलाई मात्र प्राथमिकता दिइरह्यो ।

जब एउटा मानिसले आफूले उत्पादन गरेको वस्तु वा सेवालाई समाजले महत्व र इज्जत दिएको अनुभूति गर्न सक्दैन त्यसबेला उसमा चरम निराशा र व्यग्रता उत्पन्न हुन्छ । सान्डेलको विचारमा अमेरिकी समाजमा यो असन्तुष्टि र व्यग्रताको थुप्रो लागेको छ ।

यही परिवशमा डोनाल्ड ट्रम्प औसत मानिसका भरपर्दो सहारा बनेर उदाए । ट्रम्पको राजनीतिक अभियानमा संलग्न मानिसहरू बुद्धिहीन र मूर्ख होइनन्, तिनै सर्वसाधारण मानिस हुन् जो विद्यमान प्रणालीबाट सम्मान र त्यसमा आफ्नो स्थान चाहन्छन् ।

ट्रम्प अमेरिकामा किन लोकप्रिय बने भन्नेमा सान्डेलको विश्लेषण निकै उपयोगी छ । तर, हामीले घोटिल्नुपर्ने प्रश्न अरू पनि छन् । पहिलो प्रश्न हो- के डोनाल्ड ट्रम्प वास्तवमै औसत मध्यम वर्गको श्रम र उनीहरूका अपेक्षाको सम्मान गर्ने नेता हुन् ? राष्ट्रपतिका रूपमा उनको विगतको चारवर्षे कार्यकालमा के-कस्ता काम भए जसबाट सामान्य मानिसले सम्मान र राहतको अनुभव गर्न सके ?

यसको जवाफ अमेरिकामा बसोबास गर्ने उनको प्रशासनलाई प्रत्यक्ष अनुभव गर्नेले राम्रोसँग दिन सक्लान् । बाहिर उपलब्ध सीमित सूचनाका आधारमा हेर्दा भने उनको प्रशासन अस्थिर र अराजक देखिएको थियो । प्रशस्त चर्चा भएको शरणार्थी रोक्ने पर्खालको उनको योजना असफल रह्यो । कोभिड-१९ को चुनौती सामना गर्नमा उनको प्रशासन प्रभावकारी देखिएन । जलवायु परिवर्तनको पेरिस सहमतिबाट बाहिर निस्किने उनको निर्णयले जलवायु परिवर्तनबाट उब्जिने सङ्कट सामना गर्ने विश्व प्रयत्न थप चुनौतीपूर्ण बन्यो । विश्वका अलोकतान्त्रिक, क्रूर, अराजक र तानाशाही शासकहरूसँग उनले सम्बन्ध सुधारे, तर लोकतान्त्रिक देशहरूसँगको सम्बन्ध र सहकार्य चेपुवामा पऱ्यो ।

तर पनि, अमेरिका बाहिरको संसारमा डोनाल्ड ट्रम्पको लोकप्रियता जबर्जस्त नै छ । उनलाई मन पराउनेहरूमा कम पढेका र कम बुझेका मानिसहरू मात्र छैनन् । विद्वान्, चेतनशील र सम्पन्न मानिसहरूमाझ पनि ट्रम्प निकै लोकप्रिय छन् । ट्रम्पलाई खरो, स्पष्ट, दृढ, साहसी आदि विशेषण सहित उनको गुणगान गाउने विद्वान्हरूको संसारमा मात्र नभएर नेपालमा पनि कमी छैन ।

यो लोकप्रियताको अन्तर्य के होला त ? मलाई भने यस्तो लाग्छ- अमेरिकाको समाजमा जे-जस्ता जटिलता छन् ती जटिलता नेपालमा छैनन् । भए पनि त्यो मात्रा वा तीव्रतामा छैनन् । नेपालको समाज, अर्थव्यवस्था र राज्य प्रशासनको चरित्र र भूमिका स्वाभाविक रूपमा फरक छ । त्यसैले, आफ्नो भूमिकाको सम्मान नपाएको र सम्भ्रान्त वर्गको सञ्जालमा जोडिन नसकेकाहरूको असन्तुष्टि नेपालमा ट्रम्प समर्थनको कारण नहुन सक्छ ।

तर, यसको अर्थ नेपाली समाजमा गतिरोध छैन भन्ने होइन । नेपालको अर्थ-राजनीतिको अहिलेको अवस्थालाई सामान्य रूपमा हेर्दा प्रस्ट देखिने कुरा के हो भने यहाँ पनि आफ्नो प्रतिष्ठा, सम्मान र भूमिकामा आँच आएको अनुभूति गर्नेहरूको संख्या उल्लेख्य छ । नेपालका सन्दर्भमा त यो असन्तुष्टि अझ गाढा किन पनि छ भने नेपालको अहिलेको संविधानले दशकौं वा सदियौंदेखि आफूले ओगटेको स्थान र प्राप्त गरेको सम्मान गुमेको अनुभूति एउटा समुदायले गरिरहेको छ । उसले आफूलाई उपेक्षित महसुस गरेको छ र 'नयाँ व्यवस्थाका कारण नोक्सानी बेहोर्नु परिरहेको पीडा' मनभित्र पालेर बसेको छ । यो असन्तुष्टि राजनीति र निर्वाचनहरूमा पनि विभिन्न रूपमा प्रकट भइरहेको छ । यसको विश्लेषण गर्ने जिम्मा अहिलेलाई पाठकको ।

अब लागौं डोनाल्ड ट्रम्पलाई साहसी वा दृढ ठान्ने मानसिकतापछिको अर्को सम्भावित कारणतर्फ । डोनाल्ड ट्रम्पको राजनीतिको चरित्रसँग जोडिएका केही विशेषता उल्लेख्य छन् । ट्रम्प विगतप्रेमी हुन् । उनी भन्छन्- अमेरिका पहिला सुन्दर र समृद्ध थियो, अहिले बिग्रियो, यसलाई सपार्नुपर्नेछ । यसैगरी, ट्रम्पको समग्र राजनीतिक दृष्टिकोण षड्यन्त्रको थ्यौरीमा आधारित छ । उनी ठान्छन्- अमेरिका बिगार्नमा निश्चित मानिस र संस्था (जस्तै, मूलधारे सञ्चार माध्यम) ले नियोजित षड्यन्त्र गरिरहेका छन् । उनी त्यो षडयन्त्र विफल गराउन चाहन्छन् । ट्रम्पको राजनीतिको तेस्रो टेको हो जातीय विशिष्टता । उनी ठान्छन् अमेरिकी र त्यसमा पनि त्यहाँ लामो समय बसोबास गर्ने गोरा जातिहरू अन्य जाति वा समूहभन्दा विशिष्ट गुणले सम्पन्न छन् र अरूभन्दा बढी अवसर र सम्मानका लागि योग्य छन् ।

विगतप्रतिको आसक्ति, षड्यन्त्रमाथिको विश्वास र आफ्नो जैविक सर्वोच्चतामा मानिसलाई आकर्षित गर्ने अचम्मको शक्ति हुन्छ । यो शक्तिलाई कम आक्न मिल्दैन । नेपालमा पनि विगत सम्झेर भावुक हुने, नेपाल कमजोर बनाउन विदेशी वा स्वदेशी षडयन्त्र गरिरहेका छन् भनेर दुःखी हुने र आफू वा आफ्नो समूहलाई अरूभन्दा स्वतः योग्य ठान्ने मानिसहरूको कमी छैन ।

यी सबै भए विश्लेषणका कुरा । जसले देश चलाउने महत्वाकाङ्क्षा राखेको हुन्छ उसले यी गतिशीलता बुझ्न सक्नुपर्छ । आज डोनाल्ड ट्रम्पको राजनीति सफल भएकोमा दुःखी हुने अमेरिकाका जति पनि नाम चलेका नेता वा पूर्व शासक छन् तिनीहरूले यी सामान्य गतिशीलतालाई सही ढङ्गले सम्बोधन गर्ने प्रयत्न गरेनन् कि ?

अमेरिकामा सल्केको रोगबाट बच्न ट्रम्पको आलोचना गरेर बस्नु मात्र पर्याप्त हुँदैन । आफ्नो अधिकार, अवसर र सम्मान खोसिएको महसुस गर्ने, आजभन्दा ३० वा ५० वर्षअघिको नेपाल सुन्दर थियो भन्ने विश्वास गर्ने र कसैले नेपाल कमजोर बनाउन षड्यन्त्र गर्दैछ भन्ने समूहसँग राजनीति गर्ने मानिसहरूले संवाद गर्नुपऱ्यो र उनीहरूका जायज असन्तुष्टिको सम्बोधन गर्नुपऱ्यो ।

बिट मार्ने क्रममा फेरि एकपटक ब्रह्ममाण्डको कुरा । पृथ्वी सम्भवतः १३ अर्ब वर्ष पुरानो हो । यसमा जीवको अस्तित्व सम्भवतः ५ अर्ब वर्षअघि सुरु भयो । १३ र ५ अर्बमा प्रशस्त शून्यहरू छन् । त्यसबीच केही हजार वर्षअघि सुरु भएका राज्य र राजनीतिले दैनिक जीवनमा महत्व त राख्छन्, तर आज हामीलाई महत्वपूर्ण लाग्ने सबै घटना सूक्ष्म र परिवर्तनशील हुन् ।

त्यसैले, अमेरिकाको निर्वाचन परिणामबाट चिन्तित हुनु वा फुर्किनु भन्दा बढी बुद्धिमानी यसमा हुन्छ कि सकेसम्म यसका विभिन्न आयाम बुझौं र सम्भावित परिणामका बारेमा सतर्क रहौं ।

(साभारः अनलाइनखबर)

नेपालमा किन बढ्दै छ सम्बन्ध विच्छेदका मुद्दा ?

✍ प्रविनकुमार यादव

नेपालमा व्यभिचार सम्बन्ध विच्छेदको अर्को प्रमुख कारण हो । यद्यपि विवाहबाहिरको सम्बन्ध पहिलेदेखि नै वर्जित थियो, आधुनिक प्रविधि र सामाजिक गतिशीलतामा आएको परिवर्तनले व्यक्तिहरु यस्ता सम्बन्धमा संलग्न हुने गरेका छन् ।

नेपालमा विगत केही वर्षदेखि सम्बन्ध विच्छेदका मुद्दाहरू दिन-प्रतिदिन बढ्दै गएका छन्, जुन नेपाली समाजमा पहिले विरलै देखिने गर्दथ्यो । यो वृद्धि परिवार, समुदाय र कानुनी प्रणालीका लागि चिन्ताको विषय बनिरहेको छ । सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनहरूको कारणले गर्दा यो प्रवृत्ति बढ्दो छ ।

यद्यपि सम्बन्ध विच्छेदले असन्तुष्ट वा हिंसात्मक वैवाहिक जीवनमा फसेका व्यक्तिहरूलाई कानुनी समाधान दिन्छ, यसको वृद्धिले सम्बन्ध र समाजका गहिरा समस्याहरूलाई पनि देखाउँछ । नेपालमा सम्बन्ध विच्छेद मुख्यतया मुलुकी देवानी संहिता, २०७४ अन्तर्गत व्यवस्था गरिएको छ, जसले सम्बन्ध विच्छेदका कानुनी आधारहरू, प्रक्रिया र सर्तहरूलाई परिभाषित गर्दछ । यस संहिताले पुरुष र महिलालाई सम्बन्ध विच्छेदको लागि उजुरी दिन पाउने अधिकार दिन्छ र सम्बन्ध विच्छेदका लागि विशिष्ट कारणहरूलाई परिभाषित गर्दछ ।

मुलुकी देवानी संहिताको दफा ९४ र ९५ अनुसार, यदि कुनै पनि दम्पती तीन वर्षभन्दा बढी समयसम्म विनासहमति छुट्टै बसिरहेका छन्, पति-पत्नीले विवाहबाहेकको सम्बन्धमा संलग्नता देखाएका छन्, पति-पत्नीले एक-अर्कालाई शारीरिक वा मानसिक यातना दिएका छन्, वैवाहिक कर्तव्य पूरा गर्न असफल भएका छन् वा पति-पत्नी कुनै मानसिक रोग वा उपचार नहुने रोगबाट पीडित छन् भने, मुलुकी देवानी संहिताको दफा ९४ र ९५ अनुसार सम्बन्ध विच्छेद गर्न पाउनेछन् । यद्यपि यी कानुनी व्यवस्थाको कार्यान्वयन व्यवस्थामा अलग्गै देखिन आउँछ र सामाजिक दबाबहरुले गर्दा कार्यान्वयनमा कमी-कामजोरी ल्याउने गर्दछ ।

नेपालले महिला हिंसाबाट मुक्ति र दुर्व्यवहारबाट मुक्तिसम्बन्धी अधिकारलाई जोड दिने केही अन्तर्राष्ट्रिय महासन्धिहरूलाई पनि अनुशरण गरेको छ, जसले अप्रत्यक्षरूपमा सम्बन्ध विच्छेदलाई असर गर्न सक्छ । उदाहरणका लागि, महिलाविरुद्धको सबै प्रकारका विभेदको उन्मूलनसम्बन्धी महासन्धि (सिडअ), जसको नेपाल पनि हस्ताक्षरकर्ता हो, लैंगिक समानता र हिंसात्मक विवाहमा सम्बन्ध विच्छेदको आधार बन्न सक्ने महिलाको अधिकारलाई जोड दिन्छ । त्यसै गरी, विश्वव्यापी मानवअधिकार घोषणापत्रले विवाह गर्ने र परिवार बसाल्ने अधिकार, साथै वैवाहिक सम्बन्धमा चिसोपन र हिंसात्मक हुन गएमा सम्बन्ध विच्छेदको अधिकारलाई ग्यारेन्टी समेत गरेको छ । विश्वव्यापी मानवअधिकार घोषणापत्रको दफा १६ ले पुरुष र महिलालाई विवाहका क्रममा र सम्बन्ध विच्छेदको प्रक्रियालाई समान अधिकार दिनुपर्नेमा जोड दिएको छ ।

कानुनी व्यवस्थाहरूको अस्तित्व भए पनि सम्बन्ध विच्छेदका घटनाहरूको वृद्धिमा सामाजिक, आर्थिक र सांस्कृतिक कारकहरूको ठूलो भूमिका छ । नेपालमा सम्बन्ध विच्छेदका घटनाहरू बढ्ने मुख्य कारणहरू यस प्रकार छन् । परम्परागत नेपाली समाजले परिवारको एकतालाई जोड दिएको थियो र सम्बन्ध विच्छेदलाई अन्तिम विकल्पको रूपमा हेरिन्थ्यो । तर आधुनिकता, शहरीकरण र विश्वव्यापी विचारहरूमा बढी सम्पर्कका कारण सामाजिक मान्यताहरूमा पनि परिवर्तन भइरहेको छ । विशेष गरी शहरी क्षेत्रका युवापुस्ताहरूले विवाहलाई कर्तव्य वा जिम्मेवारीको रूपमा भन्दा बढी आपसी सम्मान र प्रेममा आधारित साझेदारीको रूपमा हेर्न थालेका छन् । परम्परागत लिंगका भूमिकाहरू परिवर्तन भइरहेका छन्, जसले महिलाहरूलाई विवाहमा उनीहरूको अधिकारबारे बढी सशक्त बनाइरहेको छ, जसमा असमानता वा दुर्व्यवहारको अवस्थामा सम्बन्ध विच्छेदको अधिकार पनि समावेश छ ।

महिलाहरूको बढ्दो आर्थिक स्वतन्त्रता सम्बन्ध विच्छेदका घटना बढ्नुको प्रमुख कारण मध्येको एक हो । अधिक महिला कामकाजी क्षेत्रमा प्रवेश गरिरहेका छन् र आर्थिक स्थिरता प्राप्त गरिरहेका छन्, जसले उनीहरूलाई आफ्नो पति वा परिवारमा निर्भर रहनुपर्ने बाध्यता घटाएको छ । आर्थिक स्वतन्त्रताले महिलाहरूलाई असन्तुष्ट वा हिंसात्मक वैवाहिक जीवनबाट बाहिर निस्कने सम्भावना प्रदान गर्दछ, जुन पहिलेका पुस्ताहरूमा उपलब्ध थिएन । नेपालले २०७२ को संविधानमार्फत पुरुष र महिलालाई आर्थिक अधिकारलगायत समान अधिकारको ग्यारेन्टी गरेको छ, जसले महिलाहरूलाई स्वतन्त्र निर्णय गर्न सशक्त बनाएको छ, जसमा सम्बन्ध विच्छेदको विकल्प पनि समावेश छ । आर्थिक स्वतन्त्रता र कानुनी प्रावधानहरूले गर्दा सम्बन्ध विच्छेद महिलाहरूका लागि पहिलेभन्दा बढी सम्भव भएको छ ।

सम्बन्ध विच्छेदका घटना बढ्नुको अर्को कारण विवाहभित्रका अपेक्षाहरू परिवर्तन हुनु हो । धेरै युवा दम्पतीहरू आज विवाहमा भावनात्मक सन्तुष्टि, सहकार्य र व्यक्तिगत विकासको अपेक्षा राख्छन् । जब यी अपेक्षाहरू पूरा हुँदैनन्, तब असन्तुष्टि र क्रान्ति छाउँछ, जसले गर्दा सम्बन्ध विच्छेदको कारण बन्न सक्छ । परम्परागत विवाहहरू प्रायः परिवारको, कर्तव्य र सामाजिक प्रतिष्ठामा केन्द्रित हुन्थे, तर आजका धेरै आधुनिक दम्पतीहरूको लागि यो कुराले खासै महत्व राख्दैन । मुलुकी देवानी संहिताले पति-पत्नीको सम्बन्धमा असन्तुष्टि र असमझदारीले सम्बन्ध विच्छेदका लागि मुख्य आधार हुन सक्ने व्यवस्था गरेको छ । मुलुकी देवानी संहिताको व्यवस्थाले वैवाहिक कर्तव्य पूरा गर्न असफल भएमा सम्बन्ध विच्छेदको लागि आधार प्रदान गर्दछ, जसले विवाहभित्र आपसी सम्मान र अनुकूलतामा जोड दिइएको तथ्यलाई प्रतिबिम्बित गर्दछ ।

घरेलु हिंसाको कारणले पनि धेरै व्यक्ति सम्बन्ध विच्छेद गरिरहेका छन्, विशेष गरी महिलाहरू, अझै आफ्नो विवाहपछि शारीरिक, भावनात्मक वा मानसिक यातनाको सामना गरिरहेका छन् । घरेलु हिंसाका पीडितहरूको लागि २०६६ को 'घरेलु हिंसा (अपराध र सजाय) ऐन' ले कानुनी उपचार प्रदान गर्दछ, तर धेरै महिला अझै सामाजिक कलंक र बदला लिने डरका कारण उजुरी दिन डराउँछन् ।

घरेलु हिंसाका घटनाहरूमा समेत मुलुकी देवानी संहिताले शारीरिक वा मानसिक यातनाको आधारमा सम्बन्ध विच्छेदको अनुमति दिन्छ, जसलाई संहितामा उल्लिखित गरिएको छ । यद्यपि, सांस्कृतिक मान्यताहरू र सामाजिक बहिष्कारको डरले धेरै महिला यो कानुनी अधिकारको प्रयोग गर्नबाट वञ्चित छन् । वैवाहिक जीवनमा एक-आपसबीचका विश्वास र समझदारीको कमीले धेरै दम्पतीले सम्बन्ध विच्छेद गरेको पाइन्छ । विशेष गरी शहरी क्षेत्रहरूमा द्रुत गतिमा चलिरहेको आधुनिक जीवनशैलीले सम्बन्ध विच्छेदलाई बढावा दिएको पाइन्छ भने असमझदारीबाट समयसँगै मनमुटाव बढ्न थाल्छ, जसले वैवाहिक जीवनलाई पुनःस्थापना गर्न नसकिने अवस्थामा पुऱ्याउँछ ।

नेपालको कानुनी व्यवस्थामा बोलचालको अथवा र विश्वासको ह्रास सम्बन्ध विच्छेदका लागि आधार बन्न सक्ने कुरालाई मान्यता दिइएको छ, जसलाई मुलुकी देवानी संहिताम उल्लेख गरिएको छ, तीन वर्षभन्दा बढी समयसम्म छुट्टै बस्नु सम्बन्ध विच्छेदको वैध कारण हुन सक्छ । नेपालमा व्यभिचार सम्बन्ध विच्छेदको अर्को प्रमुख कारण हो । यद्यपि विवाहबाहिरको सम्बन्ध पहिलेदेखि नै वर्जित थियो, आधुनिक प्रविधि र सामाजिक गतिशीलतामा आएको परिवर्तनले व्यक्तिहरू यस्ता सम्बन्धमा संलग्न हुने गरेका छन् । व्यभिचारले पति-पत्नीबीचको विश्वासको सम्बन्धलाई तोड्छ र प्रायः सम्बन्ध विच्छेदको कारण बन्छ ।

मुलुकी संहिताले स्पष्टरूपमा दफा ९४ (ख) मा व्यभिचारका घटनाहरूमा सम्बन्ध विच्छेदको अनुमति दिने कुरा उल्लेख गरेको छ, जसलाई सम्बन्ध विच्छेदका कानुनी कारणहरूको एक प्रमुख आधार मानिन्छ । नेपाली समाजमा विवाह प्रायः दुई व्यक्तिबीच मात्रै नभई दुई परिवारबीचको सम्बन्धको रूपमा पनि हेरिन्छ । धेरै अवस्थामा, विस्तारित परिवारका सदस्यहरू, विशेष गरी सासू-ससुराहरू, दम्पतीको वैवाहिक जीवनमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । यस बाह्य दबाबले सम्बन्धमा तनाव निम्त्याउँछ, जसले विवाद र अन्ततः सम्बन्ध विच्छेदको कारण हुन पुग्दछ । यद्यपि कानुनी व्यवस्थाले सम्बन्ध विच्छेदमा सासू-ससुराको प्रभावलाई स्पष्टरूपमा सम्बोधन गर्दैन । यो धेरै सम्बन्ध विच्छेदको एक प्रमुख कारक हो । परिवारको दबाबसँग सामना गर्दा उत्पन्न हुने भावनात्मक र मानसिक बोझ सम्बन्ध विच्छेदको बढ्दो कारण हो ।

(साभारः न्यूज अफ नेपाल)

कीर्तिपुरको उपचुनाव :

अप्ठ्यारोमा एमालेले सम्झिएका सुरेन्द्र मानन्धर

काठमाडौं/आगामी १६ मंसिरमा हुने उपचुनावका लागि नेकपा एमालेबाट कीर्तिपुर नगरपालिकाको मेयरमा डा. सुरेन्द्र मानन्धर उम्मेदवार बन्ने पक्का भएको छ । गत १६ कात्तिकमा एमाले नगर कमिटीबाट एकल सिफारिस भएका मानन्धरलाई बुधबार (२१ कात्तिकमा) बसेको काठमाडौं जिल्ला कमिटीको बैठकले अनुमोदन गरेको हो । नगर र जिल्ला कमिटीबाट एकल सिफारिस अघि बढेकाले अब मानन्धरको नाम परिवर्तन हुने सम्भावना न्यून छ ।

अझ पार्टी महासचिव शंकर पोखरेलकै उपस्थितिमा बसेको जिल्ला कमिटी बैठकले एकल सिफारिस गरेकाले मानन्धरको उम्मेदवारी लगभग 'पक्का भयो' भन्न सकिन्छ । मेयरमा मानन्धर र तीन वटा वडाध्यक्षमा (कीर्तिपुर-१ मा हर्ष महर्जन, ४ नम्बरमा बद्री बुढाथोकी र काठमाडौं-१६ मा लक्ष्मीरत्न तुलाधर) समेत एकल सिफारिस भएको छ ।

उम्मेदवार टुंगिएपछि महासचिव पोखरेलले पार्टीपंक्तिलाई यो उपचुनावको औचित्य सम्झाएका थिए । 'काठमाडौंले फेरि राजनीतिक दलहरूलाई खोजे भन्ने कुराको सुरुवात गर्नेबित्तिकै ओरालो यात्रालाई सकारात्मक दिशातिर अगाडि बढाउन सकिन्छ', पोखरेलले भनेका छन् । काठमाडौं महानगरमा स्वतन्त्र उम्मेदवारले चुनाव जितेर सुरु भएको राजनीतिक कोर्स अहिले अप्ठ्यारो परिस्थितिमा गुज्रिरहेकाले त्यसलाई सच्याउने अवसर पनि यो उपचुनाव भएको पोखरेलको भनाइ थियो ।

यसको अर्थ देशभर ४४ पदमा हुने उपचुनावमध्ये कीर्तिपुर नगरपालिका एमालेको प्राथमिकतामा रहेको अनुमान गर्न सकिन्छ । उपचुनावको एक महिनाअघि मानन्धरकै नाममा सर्वसम्मति जुट्नुले पनि कीर्तिपुरलाई एमालेले दिएको प्राथमिकता थप प्रष्ट हुन्छ ।

सुरेन्द्रले पाएको अवसर

सुरेन्द्र मानन्धरले २०७० को दोस्रो संविधानसभा चुनावमा काठमाडौं-१० बाट माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग प्रतिस्पर्धा गरेका थिए । त्यो चुनाव कांग्रेसका राजेन्द्र केसीले २० हजार ३९२ मत ल्याएर जिते । मानन्धरले १३ हजार ६१५ मत ल्याएर दोस्रो हुँदा १२ हजार ८५२ मत ल्याएर प्रचण्ड तेस्रो भएका थिए ।

तर त्यसपछिका चुनावहरूमा उनले टिकट नै पाएनन् । २०७४ को चुनावमा वाम गठबन्धन भयो । यो क्षेत्र माओवादीको भागमा परेकाले हितमान शाक्य उम्मेदवार भए । शाक्यलाई हराएर कांग्रेसका केसी दोहोरिए । २०७९ को चुनावमा फेरि एमाले एक्लै लड्यो । कांग्रेसले केसीलाई नै उम्मेदवार बनाउँदा एमालेले हिमेश केसीलाई टिकट दियो ।

एमालेबाट कमजोर उम्मेदवार दिएको लाभ उठाउँदै राजेन्द्रले हयाट्रिक जित निकाले । त्यसबेला देशभर पाँचदलीय गठबन्धन हुँदा यो क्षेत्रमा दलहरूबीच एकल प्रतिस्पर्धा भएको थियो ।

राजेन्द्रले १४ हजार ४६३ मत ल्याएर जिल्ला एमालेका हिमेश ११ हजार ७९१ मा सीमित भए । रास्वपाका प्रदीप विष्टले ८ हजार ७३९, राप्रपाका बलराम थापाले ६ हजार ५४९ र माओवादीका अञ्जना विशुंखेले ५ हजार २६५ मत ल्याएका थिए । जबकी एमालेसँग यो क्षेत्रको उम्मेदवारमा प्रचण्डसँगै प्रतिस्पर्धा गरिसकेका सुरेन्द्र रोज्ने विकल्प थियो । उनलाई उम्मेदवार बनाएको भए चुनावी परिणाममा फरक गर्नसक्ने एमाले नेताहरू स्वीकार गर्छन् । तर त्यसबेला एमालेभित्र चन्दै आएको आन्तरिक संघर्ष/राजनीतिका कारण सुरेन्द्रले टिकट नै पाएनन् ।

पञ्चायत विरोधी आन्दोलनबाटै राजनीतिमा सक्रिय मानन्धर २०७१ को नवौं राष्ट्रिय महाधिवेशनमा केपी ओली इतर गुटमा थिए । ओली इतर समूहबाटै उनी केन्द्रीय सदस्य निर्वाचित भए । त्यही कारण एमाले नेतृत्वले मानन्धरलाई कुनैपनि अवसर नदिने रणनीति लियो । मानन्धरका समकालीन नेताहरू अहिले एमालेको पोलिटब्यूरो वा त्यो भन्दा माथि हुँदा उनी केन्द्रीय सदस्य मात्र हुनुको कारण पनि त्यही हो ।

कतिसम्म भने २०७८ मंसिरमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशन पछिका डेढ वर्ष उनी भूमिकाविहीन भए । जबकी शीर्ष नेताहरूकै आश्वासनमा उनले दशौं महाधिवेशनमा उम्मेदवारी फिर्ता लिएका थिए । तर चितवनबाट काठमाडौं फर्किएर अध्यक्ष ओलीले मानन्धरलाई केन्द्रीय सदस्य मनोनित गरेनन् । बरु दुर्गा प्रसाईं जस्ता विवादित पृष्ठभूमिका व्यापारीलाई केन्द्रीय सदस्य मनोनीत गरियो ।

डेढ वर्षपछि बल्ल गत वर्ष (१७ जेठ २०८०) उनी केन्द्रीय सदस्य मनोनीत भए, काठमाडौं क्षेत्र नं १० को इन्चार्ज छन् ।

संकटमोचक कार्ड !

२०४३ सालदेखि राजनीतिमा रहेका कीर्तिपुरकै रैथाने मानन्धरलाई सर्वसम्मत उम्मेदवार बनाउनुमा भने काठमाडौं एमालेमा रहेको संकट र उनको व्यक्तित्वले काम गरेको देखिन्छ ।

अनेरास्ववियु काठमाडौं जिल्ला सचिव, तत्कालीन बागमती अञ्चल संयोजक हुँदै मानन्धरले पार्टीका विभागहरूमा लामो समय बिताएका छन् । राजधानी उपत्यकाको संसदीय राजनीतिमा महत्वपूर्ण भूमिका खेल्दै आएका उनले एमालेको केन्द्रीय सांस्कृतिक विभाग, विदेश विभाग, विद्यार्थी विशेष जिल्ला कमिटी लगायतमा काम गरेका छन् ।

तर मानन्धरको व्यक्तित्व भन्दा बढी कीर्तिपुरको चुनाव जिनैपर्ने दबावमा एमाले देखिन्छ । महासचिव पोखरेलका अनुसार यही उपचुनावबाट राजधानीमा बिग्रिएको जनमत सुधार्ने योजनामा एमाले छ । चुनाव जित्न भने सजिलो छैन । पहिलो प्रतिकुलता कीर्तिपुरमा सत्ता साझेदार नेपाली कांग्रेससँगै मुख्य प्रतिस्पर्धा हुने भएको बुझाइ एमाले नेताहरूमा छ । जबकी एमाले अध्यक्ष ओली कांग्रेसकै समर्थनमा प्रधानमन्त्री छन् । 'दुई वटा पार्टीको सरकार छ, तर मिलेर चुनाव लडौं भन्ने मान्यता दुवैतिर छैन । चुनाव आ-आफ्नो हिसाबले लड्छौं", काठमाडौं जिल्ला कमिटीको बैठकमा पोखरेलले भनेका छन् ।

लामो समय वाम किल्लाको परिचय बनाएको कीर्तिपुरमा २०७९ को स्थानीय चुनावमा कांग्रेस उम्मेदवार राजकुमार नकर्मी मेयर निर्वाचित भएका थिए । ९ हजार ४३ मतसहित नकर्मीले जिल्ला निकटतम प्रतिस्पर्धी एमालेका केशर त्न बज्राचार्यले ५ हजार ५०७ मत ल्याएको थियो । त्यतिबेला कांग्रेस र जसपाबीच तालमेल थियो भने माओवादी र एकीकृत समाजवादीले अलग्गै प्रतिस्पर्धा गरेका थिए ।

माओवादीका शिवशरण महर्जनले ४ हजार ९ र एकीकृत समाजवादीका बटुकृष्ण थापाले १ हजार १५३ मत पाएका थिए । अर्थात् मेयरमा एमाले भन्दा झण्डै दोब्बर अन्तरले कांग्रेसका नकर्मीले मेयर जितेका थिए । १० वटा वडामध्ये ९ वटामा कांग्रेसका वडाध्यक्ष छन् । श्यामकुमार अधिकारीले स्वतन्त्र उम्मेदवारी दिएर ४ नम्बर वडाध्यक्ष जितेका थिए । कीर्तिपुरमा एमालेले जितेको भनेको जम्मा दुई जना वडा सदस्य हो । ८ नम्बर वडामा सरस्वती परियार निर्विरोध र २ नम्बर वडामा सुष्मा विश्वकर्माले दलित महिला सदस्य जितेकी छन् ।

तर मेयर नकर्मी र स्वतन्त्र जितेका वडाध्यक्ष अधिकारीको निधन भएकाले फेरि चुनाव हुन लागेको हो । उपचुनावबाट कीर्तिपुर मा आफ्नो बिरासत फर्काउने योजना अन्तर्गत एमालेले सकेसम्म बलियो उम्मेदवार अघि सार्ने नीति लिएको छ । २०५४ र ०७४ को चुनावमा कीर्तिपुर नगरपालिका एमालेले जितेको थियो । २०४९ को चुनावमा कीर्तिपुर नगरपालिका बनेकै थिएन । तर अहिलेका नगर पालिकामित्र पर्ने साविकका ८ गाविस मध्ये एमालेले आधा जितेको थियो ।

'वाम किल्ला रहँदै आएको कीर्तिपुरमा फेरि एमालेको नेतृत्व स्थापित गर्ने गरी बढेको छु', मानन्धरले संचारकर्मीसँग भने, 'सायद, मेरो क्षमता र इमानदारि तापति विश्वास गरेरै मलाई पार्टीले अगाडि बढाएको हुनुपर्छ ।'

पार्टीपंक्तिलाई बढीभन्दा बढी एकताबद्ध बनाउने र जित्ने उम्मेदवारको खोजीमै मानन्धर सर्वसम्मत बनेको अनुमान गर्न सकिन्छ । किनकि गत वर्ष वैशाखमा सम्पन्न उपचुनावमा इलाम-२ र बभाङ (ख) को नतिजा आफ्नो पक्षमा ल्याएको एमालेले यसपटक पनि उस्तै सन्देश दिन चाहन्छ ।

अझ कीर्तिपुरको नतिजालाई जोडेर काठमाडौं अनि सिंगो मुलुकको राजनीतिबारे विश्लेषण हुनसक्ने भएकाले पनि एमालेमा सर्वसम्मत उम्मेदवारको दबाव परेको हुनसक्छ । महासचिव पोखरेलकै विश्लेषणलाई आधार मान्दा पनि कीर्तिपुर जितेर एमालेले सिंगो बागमतीमै उत्साह ल्याउन चाहन्छ ।

बागमतीमा एमालेको चुनावी परिणाम हेर्दा पनि नेताहरूले यस्तो रणनीति बनाउनु स्वभाविक देखिन्छ । किनभने बागमतीमा एमाले सम्भवतः इतिहासकै कमजोर अवस्थामा छ । जसको मूल कारण काठमाडौंकै नतिजा बिग्रनु पनि हो ।

२०७४ सालको चुनावमा काठमाडौंको१० वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्रमध्ये एमालेले ६ सिट जितेको थियो भने प्रदेश सभातर्फ १६ सिट जितेको थियो । तर २०७९ को चुनावमा काठमाडौंबाट प्रतिनिधि सभामा जित्ने कृष्णगोपाल श्रेष्ठ एक्ला नेता हुन् भने प्रदेश सभातर्फ ४ सिटमा खुम्चिएको छ ।

सबैभन्दा ठूलो नोक्सानी त एमालेले काठमाडौं महानगरमा खेपेको छ । पञ्चायतकै चुनावमा पनि बलियो प्रभाव राख्ने एमालेले (तत्कालीन मालेले जनपक्षीय उम्मेदवारका रुपमा) २०५४ मा केशव स्थापित र २०७४ मा विद्यासुन्दर शाक्यलाई मेयर जिताएको थियो । तर २०७४ को आमचुनावपछि असाधारण बहुमत सहित ओलीले प्रधानमन्त्री भएर देश चलाउँदा राजधानी शहर रहेको काठमाडौं महानगरकै चुनावमा एमाले तेस्रो भयो ।

गैरदलीय उम्मेदवार बनेर ६१ हजार ७६७ मत सहित बालेन शाहले मेयर जिल्दा कांग्रेसकी सिर्जना श्रेष्ठले ३८ हजार ३४१ मत पाइन् । एमालेका स्थापितले ३८ हजार ११७ मत पाए । २०७४ मा जितेको काठमाडौं महानगर सहित अरु चार पालिका एमालेले गुमाएको छ । २०७४ मा एमालेले काठमाडौं जिल्लाको ११ पालिकामध्ये काठमाडौं महानगरसहित कागेश्वरी मनोहरा, कीर्तिपुर, टोखा, टार्केश्वर, बुढानीलकण्ठ र शंखरापुर नगरको मेयर जितेको थियो ।

तर गत २०७९ को स्थानीय चुनावमा एमालेले टोखा र बुढानीलकण्ठ मात्र जिल्न सक्यो । २०७४ मा एमालेले जितेको शंखर ापुरा राप्रपालेखोस्यो । यस्तो दयनीय चुनावी परिणाम बीच एमाले नेतृत्वलाई काठमाडौं महानगरका मेयर चुनौती बनिरहेका छन् । एकपछि अर्को निर्णयमा मेयर बालेनले प्रधानमन्त्री ओलीलाई चुनौती दिइरहेका छन् ।

'काठमाडौंको जनमत पार्टीको पक्षमा ल्याउन नसक्दा बालेन भर्सेस एमाले जस्तो सन्देश गइरहेको छ । अवस्था बदल्न पनि कीर्तिपुरको मेयर र अरु वडाध्यक्षहरू जित्नु अर्थपूर्ण छ', एमालेका एक नेता भन्छन् । त्यसैले पनि डा. सुरेन्द्र मानन्धर सर्वसम्मत उम्मेदवार बनेको उनी बताउँछन् ।

(स्रोत: अनलाइनखबर)

निश्चलको दीपकलक्षित कटाक्ष- 'भ्रम नछर्दा हुन्छ'

काठमाडौं/नेपाली फिल्मकर्मीबीच बेला बखतमा कुनै न कुनै विषयमा घोचपेच र आरोप-प्रत्यारोप चलिरहेको छ । यतिबेला अभिनेता तथा हल व्यवसायी दीपकराज गिरी र निर्देशक निश्चल बस्नेतबीच सामाजिक सञ्जालमा जुहारी चलेको छ । मंगलबार दीपकराजले फेसबुकमा स्टाटस लेख्दै फिल्मले शो पाएन भनेर उफ्रने फिल्मकर्मीप्रति कटाक्ष गरेपछि निश्चलले 'काउन्टर' जवाफ दिएका छन् ।

दीपकराजले फेसबुकमा लेखेका थिए, 'प्रायः हलहरूले शो दिएन भनेर हामी उफ्रिन्छौं तर हेरौं त नगन्य शोबाट सुरू भएको 'पूर्ण बहादुरको सारङ्गी'ले आफूलाइ कहाँ पुऱ्यायो ? योभन्दा पहिला '१२ गाउँ' त्यस्तै । समस्या कहाँ रहेछ त ?' उनको यो कटाक्ष निश्चलप्रति लक्षित रहेको देखिन्थ्यो । किनकि, निश्चलले 'बेहुली फ्रम मेघौली'ले अपेक्षित शो नपाएको भन्दै हलबाट फिल्म उतारेका थिए । यसैले दीपकको कटाक्षमा निश्चल चुप बस्न सकेनन् ।

उनले बुधबार फेसबुकमा स्टाटस लेख्दै विदेशी फिल्म राम्रो हुन्छ भनेर पहिल्यै सोच्ने र छुरपस्ट शो दिनसक्ने दिमागले नेपाली फिल्म पनि राम्रो हुन्छ र राम्रो शो दिनुपर्छ भनेर किन सोच्न सक्दैन भन्दै प्रश्न गरेका छन् । उनी लेख्छन्, 'सधैं नेपाली फिल्मले चाहिँ प्रमाणित गरि रहनु पर्ने हो ? निर्माताले शो थपिदिनुन् भनेर गुहार्नु पर्ने नै हो ? प्रष्ट छ... विदेशी फिल्मको शो घटाइएर नेपाली फिल्मलाई दिएका छौं भनेर भ्रम नछर्दा हुन्छ ।'

नेपाली फिल्मले आफ्नो बलबुतामा दर्शकलाई हलसम्म ल्याएको उनको दाबी छ । 'यो फिल्मले राम्रो दाम ल्याउँछ भनेर प्रमाणित गरेपछि मात्र शो थपिएको हो । विदेशी फिल्म पनि हात्ती आयो-हात्ती आयो फुस्सा भएपछि शो घटाइएको हो,' उनी लेख्छन्, 'कमसेकम फिल्म बनाइरहेको व्यक्तिले यतिसम्म बोल्लान् सोचेको थिइनँ । बोल्नभयो, ठीक गर्नुभयो, चिनियो ।' निश्चलले स्टाटसमा नाम उल्लेख नगरे पनि उनको संकेत दीपकप्रति रहेको प्रष्ट बुझिन्छ ।

निश्चलको स्टाटसलाई लिएर दीपकराजको कुनै प्रतिक्रिया आएको छैन । तर, उनले बिहीबार बिहान आफ्नो एक तस्वीर फेसबुकमा सेअर गर्दै लेखेको स्टाटस भने निश्चितप्रति नै लक्षित देखिन्छ । उनले लेखेका छन्, 'संसारमा सबै प्रश्नका उत्तर हुन्छन्, तर मौनता सबैभन्दा राम्रो र जटिल उत्तर हो ।' आफूसँग प्रश्नको उत्तर भए पनि मौन बस्नु नै राम्रो उत्तर हुने उनको आशय छ ।

'अग्निदहन'को ट्रेलर : बोक्सीको नाममा महिलामाथि हुने हिंसाको कथा

काठमाडौं/नेपालको कानुनले बोक्सी कुप्रथालाई दण्डनीय मानेको छ । तर, समाजमा अझै पनि बोक्सीको आरोपमा महिलामाथि अमानवीय व्यवहार हुने गरेका घटना बेला बखतमा बाहिरिरहेका हुन्छन् । यसैले फिल्मकर्मीहरु पनि यस्ता विषयमा फिल्म बनाउन बाध्य छन् । गत वैशाखमा बोक्सी कुप्रथाको कथामा बनेको फिल्म 'बोक्सीको घर' प्रदर्शन भएको थियो । अब यही विषयमाथि बनेको अर्को फिल्म 'अग्निदहन' आगामी मंसिर ७ गतेबाट प्रदर्शनमा आउँदैछ ।

घनश्याम लामिछानेको निर्देशनमा बनेको फिल्मको बिहीबार ट्रेलर सार्वजनिक गरिएको छ । यूट्युबमार्फत् सार्वजनिक २ मिनेट ३८ सेकेण्ड लामो ट्रेलरले कथावस्तुबारे प्रकाश पार्छ । बोक्सीको आरोपमा महिलालाई दिइने यातना र एक युवतीको मनोदशालाई ट्रेलरमा प्रस्तुत गरिएको छ । बोक्सीको नाममा महिलामाथि हुने हिंसा समाजमा अझै नरोकिएको यथार्थ ट्रेलरले पेश गर्छ ।

लोकमणी पौडेलको लेखन रहेको फिल्ममा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बास्तोला, डा. निर्मल लामिछाने, तारा बहादुर गुरुङ लगायतको अभिनय छ । मान्छे कोही पनि बोक्सी हुँदैन भन्ने सोचलाई अभियानको रुपमा अगाडि बढाउन फिल्म निर्माण गरिएको निर्देशक लामिछानेले बताएका छन् ।

फिल्ममा कोविदशरण उपाध्यायको परिकल्पना, दीर्घ गुरुङको छायांकन तथा दीर्घ खड्काको सम्पादन छ । निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले हेरिसकेको यो फिल्मलाई चलचित्र विकास बोर्डले 'विशेष चलचित्र अवार्ड' दिइसकेको छ । ट्रेलर रिलिजसँगै फिल्मको पोखराबाट मोफसल प्रचार यात्रा सुरु गरिएको छ ।

शोका लागि 'सानो संसार' निर्माताको हारगुहार

काठमाडौं/नेपाली फिल्म क्षेत्रको टड्कारो समस्या बनेको छ, शो बाँडफाँट । एकसाथ धेरै फिल्म रिलिज हुँदा र ठूलो विदेशी फिल्म आउँदा शो बाँडफाँटलाई लिएर ठूलै विवाद हुन्छ । यसपटकको दशैं र तिहारमा पनि यही समस्या देखियो । घटस्थापनामा आएको 'बेहुली फ्रम मेघौली'ले दोस्रो हप्तामा अपेक्षित शो नपाएपछि निर्माताले फिल्म नै हलबाट उतारिदिए । र, ओटीटीमा रिलिज गरे ।

फूलपातीमा आएको 'ज्वाइँ साब'का निर्माताले पनि पर्याप्त शो नपाएको भन्दै गुनासो गरिरहे । यतिबेला फिल्म 'सानो संसार'का निर्माताको गुनासो पनि यही छ । कात्तिक ९ गते रि-रि लिज भएको यो फिल्मलाई यतिबेला देशभर एउटा मात्र शो छ, क्यूएफएससको राइजिङ मलमा । अरु हलबाट फिल्म उत्रिसकेको छ । 'बर्ड अफ माउथ' राम्रो हुँदा पनि हलहरुले शो नदिएको भन्दै निर्माता अर्जुन कुमार हारगुहार गरिरहेका छन् ।

उनले बुधबार फेसबुकमा स्टाटस लेख्दै सबै हलहरुले एक-एकवटा शो दिन आग्रह गरेका छन् । उनी लेख्छन्, 'हल सञ्चालक साथीहरु 'सानो संसार'लाई एक-एक शो सबैले दिनु न । एक शो दिँदा तपाईंलाई घाटा हुँदैन, जुन टाइममा भए पनि हुन्छ ।'

गत असोज ११ गते पहिलोपटक प्रदर्शन हुँदा 'सानो संसार' प्राकृतिक विपत्तिको मारमा पऱ्यो । निरन्तरको वर्षले देशभरको जनजीवन प्रभावित भएपछि निर्माताले दुई दिनमै फिल्मलाई हलबाट उतार्ने निर्णय गरे । पुनः प्रदर्शनमा भने दशैंका दुई फिल्म '१२ गाउँ' र 'छक्का पञ्जा ५'को चेपुवामा पऱ्यो । व्यापार राम्रो नहुँदा प्रायः हलहरुले दुई दिनमै फिल्म उतारे । यतिबेला एउटा शो जोगाउन फिल्मले संघर्ष गरिरहेको छ । अब फिल्मको शो बढ्ने सम्भावना न्यून देखिन्छ ।

क्यानडा र अमेरिका सिरिजमा ठूलो मौका गुमायौं : रोहित पौडेल

काठमाडौं/नेपाली क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले आईसीसी क्रिकेट विश्वकप लिग टु अन्तर्गत क्यानडा र अमेरिका भ्रमण बिर्सनलायक रहेको बताएका छन् । क्यानडा र अमेरिकामा लिग टु सिरिज खेलेर बिहीबार बिहान स्वदेश फर्किएपछि सञ्चारकर्मीहरुसँगको कुराकानीमा कप्तान रोहितले यस पटक ठूलो मौका गुमाएको र आगामी खेलहरु चुनौतीपूर्ण हुने बताए ।

'जून उद्देश्य लिएर क्यानडा र अमेरिका गएका थियौं, दुवैमा चुक्यौं । विशेषगरी क्यानडामा राम्रो भएन', पौडेलले भने, 'अमेरिका जाँदा टिम सेपमा आउँदै थियो तर अमेरिकासँग दुई खेल हार्यौं । टुरलाई समग्रमा भन्दा हामीले मिसआउट गऱ्यौं ।' नेपालले लिग टु अन्तर्गत क्यानडा र अमेरिकामा गरी नेपालले सिरिजमा कुल ८ खेल खेलेको थियो । जसमध्ये अमेरिकामा स्कटल्याण्डलाई जित्यो भने अन्य ५ खेलमा पराजित भयो । दुई खेल वर्षाका कारण रद्द हुँदा नेपालले थप २ अंक पाएको थियो । ८ खेलबाट सम्भावित १६ अंकमध्ये नेपालले जम्मा ४ अंक मात्र जोड्न सक्यो ।

नेपालीटिमको कन्सल्ट्यान्ट प्रशिक्षक जगत टमाटाले क्यानडामा नेपाली टिमले राम्रो नतिजा दिन नसकेको बताए । 'खेलाडीले राम्रो खेलका हुन् तर नतिजा आएन । नतिजा आउनका लागि बेटर भन्दा बेटर क्रिकेट खेल्नुपर्छ', उनले भने ।

कप्तान पौडेलले पनि क्यानडामा ब्याटरको प्रदर्शन राम्रो हुन नसकेको बताए । 'क्यानडाको विकेट नै एकदम चुनौतीपूर्ण थियो । अमेरिका गएपछि सबैले स्कोर गरिरहेका थिए । टी-२० र ओडीआई दुवैमा राम्रो स्कोर भएको थियो । तर क्यानडामा ब्याटिङ युनिटले राम्रो गर्न सकेनौं त्यसमा चुक्यौं', उनले भने ।

नेपालले लिग टुको यो सिरिजअघि धेरै टी-२० खेल खेल्दा एक्दिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) मा राम्रो प्रदर्शन गर्न नसकेको हो भन्ने प्रश्नमा कप्तान पौडेलले त्यसो भनेर छुट नपाइने बताए ।

'यो वर्ष हामीले टी-२० फर्म्याटमा धेरै खेल्यौं, त्यो भनेर एक्सक्यूज लिनुभएन । त्यसको जिम्मा लिनुपर्छ', रोहितले भने, 'दुवै फरक फर्म्याट हो । ब्याटिङ युनिटको रुपमा त्यो कुरामा चुक्यौं ।' पौडेलले लिग टु को क्वालिफाइ र अमेरिका सिरिजमा राम्रो गर्न नसक्दा आगामी खेलहरु चुनौतीपूर्ण हुने बताए ।

(स्रोत: अनलाइनखबर)

प्रसारण सेवा सम्झौताको विषय भने टुंगिएन

विद्युत् आयोजनाहरूमा हुने विद्युत् खरिद सम्झौता जस्तै प्रसारण लाइन परियोजनाहरूमा भने ट्रान्समिसन सर्भिस एग्रिमेन्ट (टीएसए) गर्नुपर्ने हुन्छ । सो प्रसारण लाइन प्रयोग गरेबापतको भाडा (ह्विलिङ चार्ज) कसले तिर्ने भन्न टीएसए गरिन्छ ।

यसअघि निर्माण सम्पन्न भइसकेको ढल्केबर-मुजफ्फरपुर र निर्माणाधीन बुटवल-गोरखपुर प्रसारण लाइनको २५ वर्षको टीएसए नेपाल विद्युत् प्राधिकरणले गरेको छ । यो भनेको सो प्रसारण लाइन प्रयोग भए पनि नभए पनि २५ वर्षसम्म त्यसको भाडा विद्युत् प्राधिकरणले निर्माण कम्पनीलाई बुझाउनुपर्ने हुन्छ । तर, त्यो प्रसारण लाइन हुँदै कुनै परियोजनाको विद्युत् प्रसारण हुँदा त्यसबाट प्राधिकरणले शुल्क उठाउन पाउँछ ।

भारतमा पनि प्रसारण लाइन बनाउँदा निजी कम्पनीहरूले बिड गरेर प्रतिस्पर्धाका आधारमा टीएसए गरिन्छ । नेपाल विद्युत् प्राधिकरणले पनि यी दुई परियोजनाहरूमा टीएसएको सोही मोडलमा जानुपर्ने अडान राखेको छ । उदाहरणका लागि लम्की-बरेली प्रसारण लाइनमार्फत पश्चिम सेतीको विद्युत् निर्यात गर्ने हो भने सो परियोजनाले निर्माण कम्पनीसँग टीएसए गर्नुपर्ने हुन्छ ।

तर, प्राधिकरणको यो प्रस्तावमा भारतीय पक्षले सहमति जनाएको छैन । हाल नेपाल र भारतबीच एउटा मात्रै उच्च क्षमताको प्रसारण लाइन ढल्केबर-मुजफ्फरपुर सञ्चालनमा छ । न्यू-बुटवल गोरखपुर प्रसारण लाइन निर्माणको क्रममा छ भने थप दुई प्रसारण लाइनको लगानी मोडालिटीका विषयमा वार्ता जारी छ ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

बागमतीमा अलपत्र कृषिका बहुवर्षीय योजना, पूर्णता कहिले ?

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ बागमती प्रदेश सरकारले अघिल्लो कार्यकालमै सुरु गरेका बहुवर्षीय योजनाहरु अझैसम्म पनि अधुरै छन् । प्रदेश स्थापनाको ७ वर्षसम्म बहुवर्षीय योजनाले पूर्णता पाउन नसकेका हुन् ।

योजना सकिएर पनि सञ्चालनमा ल्याउन प्रदेश सरकार असमर्थ बनेको छ । सडक, भवन, कृषिलगायत क्षेत्रका बहुवर्षीय आयोजना प्रदेश सरकारको दोस्रो कार्यकाल सुरु भएर दोस्रो वर्ष सकिन लाग्दासमेत अलपत्र रहेका हुन् । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका योजना अपलत्र मात्र छैनन्, योजना नै अनिश्चित बनेको आशंका गर्ने ठाउँ रहेको छ । मन्त्रालयले नै क्रमागत आयोजना नै समस्याग्रस्त आयोजनामा परिणत भएको जनाएको छ ।

मन्त्रालयमार्फत हाल कृषि तथा वन विश्वविद्यालयमा बिएसएल ल्याब स्थापना, भरतपुरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण, हेटौंडामा प्रादेशिक कृषि थोकबजार निर्माण र प्रदेशका विभिन्न जिल्लामा शीतभण्डार निर्माण बहुवर्षीय आयोजना अन्तर्गत

निर्माणाधीन छन् । प्रदेशका विभिन्न जिल्लामा फलफूल तथा तरकारी भण्डारणका लागि साझेदारीमा शीतभण्डार बहुवर्षीय आयोजना अन्तर्गत निर्माण सुरु भएका कतिपय सम्पन्न भएका छन् ।

कतिपय योजना निर्माणाधीन रहेका छन् । शीतभण्डार आयोजना अन्तर्गत विभिन्न जिल्लामा प्रदेश सरकारको निर्माणमा रहेका आयोजनाले पूर्णता पाउन नसकेको हो । प्रदेश सरकारको हालसम्मकै सबैभन्दा बढी भौतिक संरचना निर्माणमा खर्च भइसकेको छ । भौतिक ८६ प्रतिशत र वित्तीय प्रगति ०.५२ प्रतिशत भएको मन्त्रालयको अभिलेख छ ।

हेटौंडामा दुध पाउडर प्लान्ट निर्माण सम्पन्न भएको लामो समय भइसक्दा पनि प्रदेश सरकारले सञ्चालनसम्बन्धी नीति बनाउन नसक्दा पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेको छैन । हाल कामचलाउरुपमा दुग्ध विकास संस्थानले सञ्चालन गर्दै आए पनि प्रदेश सरकारको लगानीले प्रतिफल प्राप्त गरेको अवस्था छैन । धुलो दुध कारखाना ४७ करोड ३३ लाख २४ हजार रुपैयाँ निर्माण लागत रहेकोमा गत आवसम्ममा ४७ करोड २५ लाख ६० हजार रुपैयाँ खर्च भइसकेको छ । आयोजनाको भौतिक प्रगति शतप्रतिशत र वित्तीय प्रगति ९३ प्रतिशत छ ।

मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले निर्माणपूर्व नै पाउडर प्लान्ट सञ्चालन मोडालिटी निर्माण हुन नसक्दा निर्माण भइसकेपछि कसरी सञ्चालन गर्ने भन्नेबारे समस्या आएको बताए । हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा २८ करोड ३६ लाख ५६ हजार रुपैयाँको लागतमा तीन वर्षमा सम्पन्न गर्ने गरी प्रादेशिक कृषि थोकबजार निर्माण गर्ने सम्झौता भएकोमा अझै निर्माण पूरा भएको छैन । गत आवसम्ममा यस आयोजनामा कुल २१ करोड ४३ लाख ११ हजार खर्च भई भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति ७० प्रतिशत भएको छ ।

कृषि तथा वन विश्वविद्याल रामपुरमा बिएसएल ल्याब १४ करोड ५० लाख रुपैयाँको लागतमा स्थापना गर्ने गरी काम सुरु भएकोमा गत आव २०८०/८१ सम्ममा १२ करोड ६० लाख १० हजार रुपैयाँ खर्च भइसकेको छ । तीन वर्ष योजनाअवधि रहेको आयोजनाको भौतिक प्रगति ९८ प्रतिशत र वित्तीय प्रगति ५५.२ प्रतिशत पूराभई अन्तिम परीक्षण गरिँदै गरेको जनाइएको छ । भरतपुरमा भेटेरिनरी अस्पतालको भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति शतप्रतिशत भएको छ ।

उपनिर्वाचनमा रास्वपाको गण्डकी कमान्डर हेटौंडाकी कंसाकार

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले १६ मंसिरमा हुने उपनिर्वाचनका लागि गण्डकी प्रदेशको चुनावी कमान्डर सांसद तथा पार्टी केन्द्रीय सदस्य हेटौंडाकी विन्दावासिनी कंसाकारलाई बनाएको छ ।

सातै प्रदेशमा चुनावी कमान्डर तोक्दै रास्वपा स्थानीय तहको उपनिर्वाचनमा होमिएको छ । रास्वपाले सबै प्रदेशमा चुनावी अभियान अघि बढाउन विभिन्न नेतालाई जिम्मेवारी तोकेर प्राइमरी इलेक्सनको कार्यतालिका पनि टुंग्याएको छ । केन्द्रीय निर्वाचन संयोजन समितिका संयोजक केन्द्रीय सदस्य एवम् सांसद गणेश पराजुलीको सभापतित्वमा बसेको बैठकले उपनिर्वाचनका सम्बन्धमा विभिन्न निर्णय गरेको हो ।

रास्वपाबाट कोशी प्रदेशमा केन्द्रीय सदस्य तथा सांसद

निशा डाँगीले कमान्ड सम्हालेछिन् । मधेसमा डा.चन्दा कार्की, बागमतीमा शिशिर खनाल, गण्डकीमा विन्दवासिनी कंसाकार कमाण्डर तोकिएका हुन् । यस्तै लुम्बिनीमा कुसुम महर्जन, कर्णालीमा लिमा अधिकारी र सुदरपश्चिममा विष्णुकुमार श्रेष्ठले जिम्मेवारी पाएका छन् ।

पार्टीले प्राइमरी चुनावका माध्यमबाट उम्मेदवार तयगर्ने भएको छ । जसका लागि केन्द्रीय निर्वाचन संयोजन समितिले प्राइमरी निर्वाचनको कार्यतालिका तय गरेको छ । २२ कात्तिकदेखि २५ गते दिउँसो २ बजेसम्म उम्मेदवारी दर्ताको समय निर्धारण गरिएको छ । उम्मेदवारीका लागि आवेदन दिन चाहनेले अनलाइन फाराम वा निर्वाचन परिचालन समितिमा उपलब्ध आवेदन फराम भर्न सक्नेछन् । निर्वाचन हुने सम्बन्धित स्थानीय तह वा वडाका पार्टी सदस्यले प्राइमरी इलेक्सनमा भाग लिन सक्ने रास्वपाले जनाएको छ ।

दशैं तिहारमा सयपत्री फूल बेचेर ५ लाख आम्दानी

वालिङ, २२ कात्तिक/ स्याङ्जाका एक किसानले दशैं तिहार अवधिमा सयपत्री फूल बिक्रीबाट रु पाँच लाख आम्दानी गरेका छन् । स्याङ्जाको चापाकोट नगरपालिका- १ बेलडाँडाका किसान तुलसीराम भण्डारीले सयपत्री फूल तथा माला बिक्रीबाट पाँच लाख बढी आम्दानी गर्न सफल भएका हुन् ।

उनले दशैं तथा तिहारका अवधिमा माला एकहजार आठ सय ४५ गोटा र फूल एक हजार तीन सय ७६ केजी बिक्री गरेका हुन् । फूल बिक्रीबाट तीन लाख ४४ हजार र माला बिक्रीबाट एक लाख ४७ हजार ६०० गरी कूल चार लाख ९१ हजार ६०० आम्दानी गरेको उनले बताए ।

भण्डारीले फूलका थुङ्गा प्रतिकेजी रु दुई सय ५० देखि तीन सय र माला प्रतिगोटा रु एक सय ५० सम्म बिक्री गरेको हो । यहाँ उत्पादन भएको फूल तथा माला भैरहवा, नारायणगढ, बर्दघाट लगायतका बजार तथा स्थानीयस्तरमा पनि खपत भएको उनले बताए ।

'माग भए अनुसार माला तथा फूल उपलब्ध गराउन सकेनौं" उनले भने, 'सयपत्रीको व्यावसायिक उत्पादन तथा बजारीकरणमा सहज भयो, बजार राम्रो पायौं ।' बोटमा फूल फूल्ने क्रम जारी रहेको र मङ्सिरको महिनाभर उत्पादन लिन सकिने उनले बताए । यहाँ उत्पादन

भएको फूलको माग भैरहवाबाट आएकाले केही दिनमै पठाउने तयारी भएको व्यवसायी भण्डारीका छोरा रामचन्द्र भण्डारीले बताए ।

पेसाले कृषि प्राविधिक अध्ययन गरेका रामचन्द्रले फूलमा प्राविधिक पक्ष र बजारीकरणमा बुवालाई सघाउँदै आएका छन् ।' फूलका बोटबाट अझै उत्पादन लिन सकिन्छ' रामचन्द्रले भने, 'अब उत्पादन हुनेमध्येको केही फूलको माग भईआएकोर केही स्थानीयस्तरमा हुने विवाह, व्रतबन्ध, पूजाआजा लगायतका धार्मिक तथा मेला महोत्सवहरुमा खपत हुने छ ।"

दशैं तिहारको अवधिमा फूलको व्यापारबाट झण्डै रु पाँच लाख आम्दानी भएको र अब बिक्री हुने फूलबाट झण्डै दुई लाख आम्दानी लिन सकिने दाबी रामचन्द्रको छ । बाँदरले अन्नबाली नष्ट गरिदिएपछि भण्डारीले विकल्पकोरुपमा फूलखेती थालेका छन् ।

खेतबारीमा लगाएको अन्नबाली बाँदरले सखाप पारेपछि विकल्पकोरुपमा फूल खेती गरेका भण्डारीले यसवर्षदेखि सयपत्री फूलको व्यावसायिक उत्पादन थालेका हुन् ।

'विगतमा मकै, गेडागुडी, मौसमी तथा बेमौसमी तरकारी सहितका अन्नबाली उत्पादन गर्दै आएका थियौं,' उनले भने, 'पछिल्ला वर्षमा बाँदरले अन्नबाली सखापै पार्न थालेपछि अन्नबाली लगाउन छाडेर विकल्पकोरुपमा फूल खेती थालेका हौं ।'

दशैं, तिहारलाई लक्षित गरेर दुई हजार बिरुवा सयपत्री फूल रोप्नुभएको थियो । स्थानीय जलपादेवी आधारभूत विद्यालयका प्रधानाध्यापकसमेत रहेका भण्डारीले विकल्पको रुपमा प्रयोग गरेको फूलखेतीमा बाँदरले क्षति नपुऱ्याएकाले आगामी वर्षदेखि अझै ठूलो परिमाणमा फूलको व्यावसायिक उत्पादन गर्ने तयारीमा रहेका छन् ।

हिउँदमा भारतबाट बिजुली किन्ने सम्झौता नवीकरण अझै भएन

काठमाडौं, २२ कात्तिक/ भारतले यो वर्षको हिउँदमा विद्युत् दिने गरी भएको नेपालसँगको सम्झौता अझै नवीकरण गरेको छैन । सुक्खायाममा देशभित्र उत्पादन हुने विद्युतले माग नधान्ने भएकाले विद्युत् प्राधिकरणले भारतबाट आयात गरेर आपूर्ति गर्दै आएको छ । तर, त्यसका लागि भारतले विद्युत् आयातलाई अनुमति दिनुपर्ने हुन्छ ।

गत मार्च २९ (चैत १६)मा भारतले चुनाव आइरहेको भन्दै तीन महिनाका लागि मात्रै विद्युत् निर्यातसम्बन्धी सम्झौता नवीकरण गरेको थियो । दिनको समय (सन आवर) मा मात्रै विद्युत् निर्यात गर्ने गरी गरिएको सम्झौताको नवीकरणको म्याद जुनको अन्त्यमा सकिएको थियो । त्यसपछि भारतले सम्झौता नवीकरण गरेको छैन ।

नेपाल विद्युत् प्राधिकरणले १ डिसेम्बर (१६ मंसिर) देखि भारतबाट विद्युत् आयात गर्नुपर्ने प्रक्षेपण गरेको प्रवक्ता चन्दनकुमार घोषले संचारकर्मीलाई जानकारी दिए । 'तर, हालसम्म पनि विद्युत् आयातको सम्झौता नवीकरण भएको छैन, आशा छ यो चाँडै नवीकरण हुनेछ,' प्रवक्ता घोषले बताए ।

गत मार्चमा सम्झौता नवीकरण हुँदा अधिकतम् ५ सय ५४ मेगावाट मात्रै विद्युत् नेपालले आयात गर्न पाउने व्यवस्था गरि एको थियो । त्यसअघि भने नेपालले २४ सै घण्टा आवश्यकताअनुसार विद्युत् आयात गर्न पाएको थियो । नेपालले अधिकतम् ७सय मेगावाटसम्म विद्युत् भारतबाट आयात गर्ने गरेको थियो ।

मार्चमा सर्तसहित सम्झौता नवीकरण गरेको भारतले यो हिउँदका लागि पनि केही सर्तसहित सम्झौता थप्न चाहेको ऊर्जा मन्त्रालयका अधिकारी बताउँछन् । हाली ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्काले आफ्नो भारत भ्रमणका क्रमा हिउँदमा विद्युत् आयात गर्ने सम्झौता नवीकरणको विषयमा चासो राखेको भ्रमण दलमा रहेका मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीले जानकारी दिए ।

त्यसमा भारतबाट सकारात्मक जवाफ प्राप्त भएको पनि उनले बताए । 'भारतले २० घण्टासम्म नेपाललाई विद्युत् दिन्छौं, लोड हरेर २४ सै घण्टा पनि दिनसक्छौं भन्ने कुरा गरेको छ,' उनले भने, 'यसअघि सन आवरमा मात्रै विद्युत् दिने गरी सम्झौता भएकोमा अहिले भारत धेरै लचक भएको पाएका छौं ।'

नेपालले अहिले विद्युत् निर्यात नै भएको भन्दै उनले आयात गर्नुपर्ने बेलासम्म सम्झौता नवीकरण भइसक्ने जानकारी भारतीय पक्षले दिएको पनि बताए ।

नेपालले भने २४ सै घण्टा आवश्यकताअनुसार विद्युत् आयात गर्न दिन प्रस्ताव गरेको थियो । 'तर, साँझको ५ बजेदेखि ९ बजेसम्म भारतमा विद्युतको माग अत्यधिक हुने भएकाले त्यो समयमा बिजुली दिने प्रतिबद्धता गर्न सक्दैनौं, लोडले धानेसम्म दिन्छौं भन्ने आश्वासन प्राप्त भएको छ,' उनले भने ।

दशैं अघिको बाढीले माथिल्लो तामाकोसी परियोजनामा ठूलो क्षति पुगेकाले त्यो परियोजना यसवर्षको हिउँदमा पिकिङ (दिनभर पानी जम्मा गरेर माग उच्च भएका बेला पूर्ण क्षमतामा उत्पादन) गर्न नसकिने अवस्थामा पुगेको प्राधिकरणका प्रवक्ता घोषको भनाइ छ । यस्तो अवस्थामा तामाकोसीबाट क्षमताको आधाभन्दा कम उत्पादन हुनेछ । त्यसो हुँदा यो हिउँदमा विद्युतको माग धान्न भारतबाट बढी नै विद्युत आयात गर्नुपर्ने अवस्था आउने उनले बताए ।

नेपालले भारतको खुला बजार इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आईएक्स) बाट विद्युत आयात गर्ने गरेको छ । सो बजारमा एक दिन अघि (डे-अहेड) र सोही दिन (रियल टाइम) मा कायम रहेको दरमा नेपालले विद्युत् आयात गर्ने गरेको छ । यसरी भारतीय खुला बजारबाट विद्युत् आयात गर्न नेपालले २०७८ मा अनुमति पाएको थियो । पाँच वर्षको यो अनुमति हरेक वर्ष नवीकरण गर्नुपर्ने सर्त छ ।

नेपालले भारतीय एक्सचेन्ज बजारका अतिरिक्त बिहार र उत्तर प्रदेश सरकारसँग छुट्टै सम्झौता गरेर पनि विद्युत् आयात गर्छ । एक्सचेन्ज बजारमा आयात हुने बिद्युतको दर हरेक दिन परिवर्तन हुन्छ । तर, छुट्टै सम्झौतामार्फत आयात हुने बिद्युतको दर भने स्थिर हुन्छ ।

नेपालले १३२ केभी क्षमताको प्रसारण लाइनमार्फत प्रतियुनिट ६ रुपैयाँ १८ पैसा भारुमा विद्युत् आयात गरिरहेको छ भने ३३ केभीको प्रसारण लाइनबाट ६.६५ भारुमा विद्युत् आयात गरिरहेको छ । तर, सानो प्रसारण लाइनबाट थोरै मात्रै विद्युत् आयात गर्न सकिने हुँदा सीमावर्ती सहरहरुमा मात्रै त्यसको आपूर्ति गर्न सकिने प्राधिकरण स्रोत बताउँछ । खुलाबजारमा भने अधिकतम १२ भारुसम्म रकम तिरेर विद्युत् आयात गर्नुपर्ने हुन्छ । भारतले महाकाली सन्धि अन्तर्गत टनकपुरबाट बिजुली ल्याउन पाउने सम्झौता छ । त्यहाँबाट १५ मेगावाट विद्युत् आयात गर्न सक्ने भए पनि दुई वर्षदेखि भारतले त्यस बाटोबाट आपूर्ति बन्द गरेको छ ।

(स्रोत: अनलाइनखबर)

भारतसँगको क्रसबोर्डर प्रसारण लाइन लगानी मोडालिटी सहमति नजिक

काठमाडौं, २२ कात्तिक/ दुई अन्तरदेशीय प्रसारण लाइन लगानी मोडालिटीमा नेपाल र भारतका अधिकारीहरू सहमति नजिक पुगेका छन् ।

नेपालको इनरुवा र भारतको पूर्णिया जोड्ने ४०० केभी प्रसारण लाइन र सोही क्षमताको लम्की-बरेली प्रसारण लाइनको लगानी मोडालिटीमा दुवै देशका अधिकारीहरूबीच समान धारणा बनेको हो । दुई मुलुकबीच इनरुवा-पूर्णिया प्रसारण लाइन सन् २०२७-०२८ सम्म सम्पन्न गर्ने सहमति भइसकेको छ । त्यस्तै, लम्की (दोधारा)-बरेली ४०० केभी प्रसारण लाइन सन् २०२८-०२९ सम्ममा सम्पन्न गर्ने सहमति पनि भइसकेको छ ।

ती दुवै प्रसारण लाइन न्यू बुटवल-गोरखपुर प्रसारण लाइनमध्ये भारतीय खण्डको मोडालिटीमा बनाउने प्रस्ताव नेपालले गर्दै आएको थियो । सो प्रसारण लाइनको नेपालपट्टीको खण्ड एमसीसीको अनुदानमा निर्माण हुँदैछ । सीमाबाट गोरखपुरसम्म भारतपट्टीको खण्ड भने नेपाल विद्युत् प्राधिकरण र भारतीय पावर ग्रिड कर्पोरेसन अफ इन्डियाको ५०-५० प्रतिशत सेयर स्वामित्व भएको कम्पनीले निर्माण गर्दैछ ।

ऊर्जामन्त्री दिपक खड्काले हाली गरेको भारत भ्रमणका क्रममा त्यहाँका विद्युत् मन्त्री मनोहर लाल खट्टरबीच वार्ता भएको थियो । सो बैठकका क्रममा नेपालले दुई नयाँ प्रसारण लाइन पनि यही मोडालिटीमा बनाउन प्रस्ताव गरे पनि भारतले भने फरक प्रस्ताव गरेको ऊर्जा मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीले जानकारी दिए ।

'भारतले नेपालपट्टिको खण्ड निर्माण गर्न नेपाल विद्युत् प्राधिकरणको ५१ प्रतिशत र भारतको ग्रिड कर्पोरेसनको ४९ प्रतिशत सेयर भएको कम्पनी बनाउने प्रस्ताव गरेको छ,' मन्त्रीको भ्रमण टोलीमा रहेका अधिकारीले भने । यसो गर्दा भविष्यमा कम्पनीको निर्णय प्रक्रिया सहज हुने भारतीय पक्षको तर्क रहेको उनको भनाइ छ ।

भारतको प्रस्तावलाई नेपाली पक्षले पनि उचित रुपमा नै लिएकाले यसमा सहमति हुने देखिएको उनले बताए । यो प्रस्तावलाई अब प्राविधिक समितिमा लगेर निर्णय गराइने पनि उनले बताए । 'अब पनि निर्माण नथाले लक्ष्यअनुरूप ती दुई प्रसारण लाइन निर्माण गर्न कठिन हुन्छ, त्यसैले छिटोभन्दा छिटो लगानी मोडालिटी ठुंग्याएर निर्माणमा गइहाल्नुपर्ने छ,' ती अधिकारीले भने, 'अब दुई देशका सचिवस्तरीय प्राविधिक समितिमा छलफल भएर यस सम्बन्धी सहमति हुन्छ । दुई देशका कम्पनीहरूबीच जेभी सम्झौता हुनेछ ।'

(स्रोत: अनलाइनखबर)

भारतसँगको क्रसबोर्डर प्रसारण लाइन लगानी मोडालिटी सहमति नजिक

काठमाडौं/दुई अन्तरदेशीय प्रसारण लाइन लगानी मोडालिटीमा नेपाल र भारतका अधिकारीहरू सहमति नजिक पुगेका छन् । नेपालको इनरुवा र भारतको पूर्णिया जोड्ने ४०० केभी प्रसारण लाइन र सोही क्षमताको लम्की-बरेली प्रसारण लाइनको लगानी मोडालिटीमा दुवै देशका अधिकारीहरू बीच समान धारणा बनेको हो ।

दुई मुलुकबीच इनरुवा-पूर्णिया प्रसारण लाइन सन् २०२७-०२८ सम्म सम्पन्न गर्ने सहमति भइसकेको छ । त्यस्तै, लम्की (दोधारा)-बरेली ४०० केभी प्रसारण लाइन सन् २०२८-०२९ सम्ममा सम्पन्न गर्ने सहमति पनि भइसकेको छ ।

ती दुवै प्रसारण लाइन न्यू बुटवल-गोरखपुर प्रसारण लाइन मध्ये भारतीय खण्डको मोडालिटीमा बनाउने प्रस्ताव नेपालले गर्दै आएको थियो । सो प्रसारण लाइनको नेपालपट्टीको खण्ड एमसीसीको अनुदानमा निर्माण हुँदैछ । सीमाबाट गोरखपुरसम्म भारतपट्टीको खण्ड भने नेपाल विद्युत् प्राधिकरण र भारतीय पावर ग्रिड कर्पोरेसन अफ इन्डियाको ५०-५० प्रतिशत सेयर स्वामित्व भएको कम्पनीले निर्माण गर्दैछ ।

ऊर्जामन्त्री दिपक खड्काले हाली गरेको भारत भ्रमणका क्रममा त्यहाँका विद्युत् मन्त्री मनोहर लाल खट्टरबीच वार्ता भएको थियो । सो बैठकका क्रममा नेपालले दुई नयाँ प्रसारण लाइन पनि यही मोडालिटीमा बनाउन प्रस्ताव गरे पनि भारतले भने फरक प्रस्ताव गरेको ऊर्जा मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीले जानकारी दिए ।

'भारतले नेपालपट्टिको खण्ड निर्माण गर्न नेपाल विद्युत् प्राधिकरणको ५१ प्रतिशत र भारतको ग्रिड कर्पोरेसनको ४९ प्रतिशत सेयर भएको कम्पनी बनाउने तथा भारत पट्टिको खण्ड बनाउन भारतीय पक्षको ५१ प्रतिशत र नेपालीको ४९ प्रतिशत सेयर भएको कम्पनी बनाउने प्रस्ताव गरेको छ,' मन्त्रीको भ्रमण टोलीमा रहेका अधिकारीले भने । यसो गर्दा भविष्यमा कम्पनीको निर्णय प्रक्रिया सहज हुने भारतीय पक्षको तर्क रहेको उनको भनाइ छ ।

भारतको प्रस्तावलाई नेपाली पक्षले पनि उचित रुपमा नै लिएकाले यसमा सहमति हुने देखिएको उनले बताए । यो प्रस्तावलाई अब प्राविधिक समितिमा लगेर निर्णय गराइने पनि उनले बताए । 'अब पनि निर्माण नथाले लक्ष्यअनुरूप ती दुई प्रसारण लाइन निर्माण गर्न कठिन हुन्छ, त्यसैले छिटोभन्दा छिटो लगानी मोडालिटी ठुंग्याएर निर्माणमा गइहाल्नुपर्ने छ,' ती अधिकारीले भने, 'अब दुई देशका सचिवस्तरीय प्राविधिक समितिमा छलफल भएर यस सम्बन्धी सहमति हुन्छ । दुई देशका कम्पनीहरूबीच जेभी सम्झौता हुनेछ ।'

(स्रोत: अनलाइनखबर)

भारतसँगको क्रसबोर्डर प्रसारण लाइन लगानी मोडालिटी सहमति नजिक

काठमाडौं, २२ कात्तिक/ दुई अन्तरदेशीय प्रसारण लाइन लगानी मोडालिटीमा नेपाल र भारतका अधिकारीहरू सहमति नजिक पुगेका छन् ।

नेपालको इनरुवा र भारतको पूर्णिया जोड्ने ४०० केभी प्रसारण लाइन र सोही क्षमताको लम्की-बरेली प्रसारण लाइनको लगानी मोडालिटीमा दुवै देशका अधिकारीहरूबीच समान धारणा बनेको हो । दुई मुलुकबीच इनरुवा-पूर्णिया प्रसारण लाइन सन् २०२७-०२८ सम्म सम्पन्न गर्ने सहमति भइसकेको छ । त्यस्तै, लम्की (दोधारा)-बरेली ४०० केभी प्रसारण लाइन सन् २०२८-०२९ सम्ममा सम्पन्न गर्ने सहमति पनि भइसकेको छ ।

ती दुवै प्रसारण लाइन न्यू बुटवल-गोरखपुर प्रसारण लाइनमध्ये भारतीय खण्डको मोडालिटीमा बनाउने प्रस्ताव नेपालले गर्दै आएको थियो । सो प्रसारण लाइनको नेपालपट्टीको खण्ड एमसीसीको अनुदानमा निर्माण हुँदैछ । सीमाबाट गोरखपुरसम्म भारतपट्टीको खण्ड भने नेपाल विद्युत् प्राधिकरण र भारतीय पावर ग्रिड कर्पोरेसन अफ इन्डियाको ५०-५० प्रतिशत सेयर स्वामित्व भएको कम्पनीले निर्माण गर्दैछ ।

ऊर्जामन्त्री दिपक खड्काले हाली गरेको भारत भ्रमणका क्रममा त्यहाँका विद्युत् मन्त्री मनोहर लाल खट्टरबीच वार्ता भएको थियो । सो बैठकका क्रममा नेपालले दुई नयाँ प्रसारण लाइन पनि यही मोडालिटीमा बनाउन प्रस्ताव गरे पनि भारतले भने फरक प्रस्ताव गरेको ऊर्जा मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीले जानकारी दिए ।

'भारतले नेपालपट्टिको खण्ड निर्माण गर्न नेपाल विद्युत् प्राधिकरणको ५१ प्रतिशत र भारतको ग्रिड कर्पोरेसनको ४९ प्रतिशत सेयर भएको कम्पनी बनाउने तथा भारत पट्टिको खण्ड बनाउन भारतीय पक्षको ५१ प्रतिशत र नेपालीको ४९ प्रतिशत सेयर भएको कम्पनी बनाउने प्रस्ताव गरेको छ,' मन्त्रीको भ्रमण टोलीमा रहेका अधिकारीले भने । यसो गर्दा भविष्यमा कम्पनीको निर्णय प्रक्रिया सहज हुने भारतीय पक्षको तर्क रहेको उनको भनाइ छ ।

भारतको प्रस्तावलाई नेपाली पक्षले पनि उचित रुपमा नै लिएकाले यसमा सहमति हुने देखिएको उनले बताए । यो प्रस्तावलाई अब प्राविधिक समितिमा लगेर निर्णय गराइने पनि उनले बताए । 'अब पनि निर्माण नथाले लक्ष्यअनुरूप ती दुई प्रसारण लाइन निर्माण गर्न कठिन हुन्छ, त्यसैले छिटोभन्दा छिटो लगानी मोडालिटी ठुंग्याएर निर्माणमा गइहाल्नुपर्ने छ,' ती अधिकारीले भने, 'अब दुई देशका सचिवस्तरीय प्राविधिक समितिमा छलफल भएर यस सम्बन्धी सहमति हुन्छ । दुई देशका कम्पनीहरूबीच जेभी सम्झौता हुनेछ ।'

(स्रोत: अनलाइनखबर)

भुल सुधार

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले हेटौंडामा जग्गा खरिद गरेको विषयमा हिजो साझाकुरा दैनिकमा प्रकाशित समाचारमा कपुर कम्प्लेक्ससँगै रहेको ६० धुर जग्गा खरिद गरेको हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ । *-सम्पादक*

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७०२८४६१४, ९८४५२२७०५०

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना